# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## के.आइ.सिं गाउँपालिका
## डोटी

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## के.आइ.सिं गाउँपालिका

## डोटी

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## के.आइ.सिं गाउँपालिका

## डोटी

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९।८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन,खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ।यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**

सुदूरपश्चिम प्रदेश

मितिः२०८१।२।१२

प.सं. २०८०।८१

च.नं. ५६

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री प्रमुखज्यू,

के. आइ.सिं. गाउँपालिका, कार्यपालिकाको कार्यालय,

डोटी ।

१. **कैफियत सहितको राय** - हामीले के. आइसिं. गाउँपालिकाको आर्थिक वर्ष २०७९।८० को प्राप्ति र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९।८० को प्राप्ति र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू. १ करोड २५ लाख ४३ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई रु ६ लाख २७ हजार, फ्रछयौट भएकोले बाँकी बेरुजु असुल गर्नुपर्ने रू. २४ लाख १४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. २ लाख ५० हजार, नियमित गर्नुपर्ने रु. ८८ लाख ५२ हजार र पेश्की बाँकी रु. ४ लाख हजार समेत रु १ करोड १९ लाख १६ हजार रहेको छ । यस पालिका पालिकाको गतवर्ष सम्म रु. ५ करोड ७५ लाख ३७ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. ६ करोड ९४ लाख ५३ हजार रहेको छ । पालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

२.३. हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने के.आ.सिं. पालिकासँग हामी स्वतन्त्र छौं । त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका प्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(पशुपति कुमार काफ्ले)
**नायब महालेखापरीक्षक**

# के. आइ.सिं. गाउँपालिका

## डोटी जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

<table>
<tr><th colspan="3" rowspan="2">प्रारम्भिक बेरुजु</th><th colspan="3" rowspan="2">प्रतिक्रियाबाट फस्यौंट</th><th colspan="3" rowspan="2">बाँकी बेरुजु</th><th colspan="7">बेरुजु</th></tr>
<tr><th>असुल गर्नु पर्ने</th><th colspan="5">नियमित गर्नुपर्ने</th><th>पेस्की</th></tr>
<tr><th colspan="2">दफा संख्या</th><th rowspan="2">रकम</th><th colspan="2">दफा संख्या</th><th rowspan="2">रकम</th><th colspan="2">दफा संख्या</th><th rowspan="2">रकम</th><th rowspan="2">असुल गर्नु पर्ने</th><th rowspan="2">अनियमित भएको</th><th rowspan="2">प्रमाण कागजात पेश नभएको</th><th rowspan="2">जिम्मेवारी नसारेको</th><th rowspan="2">सोधभर्ना नलिएको</th><th rowspan="2">जम्मा</th><th rowspan="2">पेस्की</th></tr>
<tr><th>सैद्धान्तिक</th><th>लगती</th><th>सैद्धान्तिक</th><th>लगती</th><th>सैद्धान्तिक</th><th>लगती</th></tr>
<tr><td>७१</td><td>३९</td><td>१२५४४</td><td>०</td><td>४</td><td>६२७</td><td>७१</td><td>३५</td><td></td><td>२४१४</td><td>८८५२</td><td>२५०</td><td>०</td><td>०</td><td>९१०२</td><td>४००</td></tr>
</table>

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| डोटी | ५७५३७ | ० | ० | ० | ० | ११९१६ | ६९४५३ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

(रु.)

| क. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | बिभिन्न | असुली / नियमित | ६२७२६३।०० |
| | कुल जम्मा | | | ६२७२६३।०० |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ७ वडा रहेको छ भने क्षेत्रफल १२६.७ वर्ग किलोमिटर तथा २६६१३ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।८।१९ देखि २०८०।८।२२ सम्म रहेको छ।

**(घ) लेखापरीक्षण विधि-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति-** पालिकाको आय-व्ययतर्फ गरी रु. १ अर्ब २ करोड ७७ लाख ७ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली -** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.३२९५० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| क स | वापत | रकम |
|---|---|---|

| | | |
|---|---|---|
| १ | बढी भुक्तानी | २४००० |
| २ | घटी राजस्व दाखिला | ८९५० |
| | जम्मा | ३२९५० |

**लेखापरीक्षणबाट देखिएका व्यहोराहरु**

**२ पेश्की व्यवस्थापन**

२.१ **पेश्की बाँकी-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्यौंट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारीहरुलाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्यौंट नभई रु.४००००० बाँकी रहेको देखिन्छ । सो मध्ये निम्नानुसारको म्याद नाघेको देखिएकोले उक्त पेश्की नियमानुसार असुल फस्यौंट गर्नुपर्ने रु.

| क स | प्रयोजन | पेश्की लिनेको नाम | रकम |
|---|---|---|---|
| १ | पोषण संवेदनशील | देवलाल पार्कि | ५०००० |
| २ | पोषण सुधारको लागि विपन्न समूदायका महिला समूह | देवलाल पार्कि | ५०००० |
| ३ | विद्युत लाईन मर्मत तथा बिस्तार | दान बहादुर कार्की | ३००००० |
| | जम्मा | | ४००००० |

| | |
|---|---|
| पेश्की | ४,००,००० |

२.२ **म्याद ननाघेको पेश्की** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष गाउँपालिकाको मुख्य प्रशासनीक भवन निर्माण कार्यको लागि गोर्खा। किनारा जे.भी. लाइ रु.७०००००० पेश्की दिएको छ । पेश्कीको आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी फस्यौंट गर्ने तथा गत विगतका पेश्कीको समेत एकिकृत हिसाव कायम गर्नुपर्दछ ।

**३ कर्मचारी व्यवस्थापन**

३.१ **कर्मचारी करार**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ४३ जना कर्मचारीहरू करारमा राखि रु. १०८१७१६० खर्च लेखेको छ ।

त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन

सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेक १ सामाजिक परिचालक, १ सहजकर्ता, १ खेलकुद प्रशिक्षक नियुक्ति गरि वर्षभरीमा रु. ८५८००० भुक्तानी गरेको अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ८,५८,००० |

३.२ **कर्मचारी प्रोत्साहन भत्ता —** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ ९१० बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ ९२० बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष प्राविधिक कर्मचारीको लागि फिल्ड भत्ता रु.५१७२०० खर्च गरेको छ ।पालिकाको आन्तरिक आयश्रोत सुदृढ र मजवुत नभएको अवस्थामा यस्तो भत्ता वितरण गर्दा थप आर्थिक व्ययभार पर्न जाने देखिएकोले प्रोत्साहन भत्ता वितरण कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

## ४ कानुन निर्माण एवं कार्यान्वयन

४.१ कानून र सञ्चालन स्थिति — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १० वटा ऐन, १० वटा नियमावली, १३ कार्यविधि र ११ निर्देशिका लगायत ४४ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । निर्माण भएका कानुनहरु कार्यान्वयन हुनुपर्दछ ।

४.२ **न्यायिक समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलापको माध्यमबाट विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १ र यो वर्ष थप भएको ९ गरी कुल १० विवाद दर्ता भएकोमा ६ वटा मात्र फस्यौंट भई ४ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

## ५ वित्तीय बिबरणको परीक्षणः

५.१ **वित्तीय प्रतिवेदन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

**(विस्तृत विवरण बेरूजु दफा ५.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५.२ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.११२३६६०२२, स्थानीयतह प्रशासकीय पूर्वाधारको रु.९७९६४६३ गरी रु.१२२१६२४८५ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

५.३ **फरक हिसाब** – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) मा ले सबै कारोबार समावेश गरेको पाइएन । लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.६३७२४५४ यस वर्षको प्राप्ति रु.१०७४३० , यस वर्षको भुक्तानी रु. १३९६२१०४३ र बैङ्क मौज्दात रु.१०७४३० फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| **विवरण** | **गतवर्षको जिम्मेवारी** | **यस वर्षको प्राप्ति** | **यसवर्षको भुक्तानी** | **बैङ्क मौज्दात** |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन म.ले.प.फा.नं.२७२) | ३६०२९०८९ | ३६७९७७६८७ | ३६७०७७१५७ | ३६९२९६१८ |
| एकीकृत आर्थिक विवरण अनुसार(धरौटी मेतको) | २९६५६६३५ | ५१४०७८६१३ | ५०६६९८२०० | ३७०३७०४८ |
| फरक | ६३७२४५४ | १४६१००९२६ | १३९६२१०४३ | १०७४३० |

५.४ **बैङ्क हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ ।पालिकाले सो अनुसार हिसाव मिलान विवरण तयार गरेको छैन ।पालिकाको स्रेस्ता भन्दा बैक स्टेटमेन्ट रु.६८८७८४४.२० बढी फरक परेको देखिएको छ ।पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

५.५ **रकमान्तर-** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व ऐन २०७६ को दफा २० मा ऐनमा तोकिएको कुनै एक अनुदान सङ्केत अन्तर्गतको बजेट उपशिर्षकमा रकम नपुग भएमा सोही ऐनमा तोकिएको कुनै एक वा एकभन्दा बढी अनुदान सङ्केत अन्तर्गतको उपशिर्षकमा बचत रकम मध्येबाट रकमान्तर गर्ने व्यवस्था रहेको

छ । त्यस्तै स्थानिय सरकार संचालन ऐनको दफा ७९ मा स्थानीय निकायले रकमान्तर गर्दा कार्यपालिकाले स्वीकृत वार्षिक बजेटको अधिनमा रही कुनै शीर्षकबाट पूँजीगत शीर्षकमा पच्चीस प्रतिशत नबढाई रकमान्तर गर्न सक्ने व्यवस्था रहेको छ । त्यस्तै स्थानिय तहमा वजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्वन्धी निर्देशिका, २०७४ को नियम ३.१ मा पूँजिगत खर्चको रुपमा विनियोजित भएको रकम चालु खर्चमा रकमान्तर नगर्ने उल्लेख गरेको छ । यस वर्ष पालिकाले शिर्षकगत रुपमा एकमुष्ट रु.२६१८९००० रकमान्तर गरेको छ । यसले गर्दा कुन शिर्षकवाट कुन शिर्षकमा रकमान्तर भएको हो एकिन भएन । कानुनमा भएको व्यवस्थाको परिपालन गरी रकमान्तर गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

५.६ **गत वर्षको भुक्तानी-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम १३ मा चालु वर्षको बजेटले नखामेको खर्च व्यहोर्नुपर्ने आधार र पर्याप्त कारण सहित सम्बन्धित कार्यालयले संलग्न बिल भरपाइ बमोजिम आगामी वर्ष भुक्तानी दिने गरी महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण तयार गरी ७ दिन भित्र कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट प्रमाणित गराइ राख्नु पर्ने व्यवस्था छ । सोही नियमको उपनियम १५ मा अघिल्लो आ व को भुक्तानी दिन सकिने खर्चमा तलब स्वीकृत दरवन्दीको महंगी भत्ता, स्थानीय भत्ता, सरुवा भ्रमण खर्च, घर भाडा, पोशाक, खाद्यान्न औषधि उपचार बन्दीको सिधा सेवा निवृत्त सुविधा स्वीकृत बार्षिक कार्यक्रम समावेश भएको कुनै व्यक्ति फर्म संस्था वा कम्पनीसँग सम्झौता बमोजिमको रकम मात्र प्रमाणित गराइ भुक्तानी हुन सक्ने व्यवस्था छ ।स्थानीय तहले योजनाको भुक्तानी वाँकी, चालु प्रकृतिका खर्च लगायतका व्यक्ति फर्महरुलाइ रु.१८५०००० भुक्तानी दिन बाँकी रहेको बिबरण राखी कार्यालय प्रमुखबाट प्रमाणीत गराएको आधारमा उक्त रकम भुक्तानी गरेको पाइयो । बार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गरेको कारण उक्त रकम भुक्तानी दिन बाँकी रहेको देखिएकोले बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अवस्थामा बाहेक यस प्रकारको दायित्व सिजर्ना हुने गरी खर्च नगर्ने व्यबस्था मिलाउनुपर्दछ ।

## ६ बजेट तथा कार्यक्रम

६.१ **बजेट सीमा निर्धारण समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले वैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेता पनि बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं पूर्ण पालना गर्न सकेको छैन ।

६.२ **बजेट पेश, पारित र अख्तियारी —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही

ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७९।३।९ मा रु.४५ करोड ५१ लाख ५६ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।३।२८ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

६.३ **बजेट तथा कार्यक्रम तर्जुमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

६.४ **लक्ष्य प्रगति**- कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्वीकृत ढाँचा अनुसार लक्ष्य प्रगती तयार नगरेको कारणले योजनाको प्रगती अवस्था विश्लेषण गर्न सकिएन । स्वीकृत ढाँचा अनुसार लक्ष्य प्रगती प्रतिवेदन तयार गर्नुपर्दछ।

६.५ **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका लागि क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्दछ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

| **क्र.स** | **क्षेत्र** | **बजेट** | **खर्च** | **खर्च प्रतिशत** |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ५,८६,५५,००0.00 | ३,९४,२४,७९७.00 | ११ |
| २ | पूर्वाधार विकास | ६,८०,७५,००१.00 | ४,८२,३९,७०९.२९ | १३.४७ |
| ३ | सामाजिक विकास | २३,६८,८५,५00.00 | १९,९१,२३,७३९.१६ | ५५.५८ |
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १,८९,८७,०००.00 | १,५४,५८,६४४.९४ | ४.३१ |
| ५ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | ७,२५,५३,५००.00 | ५,६०,११,४३७.३२ | १५.६४ |
| **जम्मा** | | ४५,५१,५६,००१.00 | ३५,८२,५८,३२७.७१ | १०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट खर्च मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५५.५८ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा सबै भन्दा घटीमा ४.३१ प्रतिशत रहेको छ ।पालिकाले पूर्वाधार विकासमा बजेट खर्च बढाइ गरिबी निवारण तर्फ ध्यान दिनुपर्दछ ।

६.६ **खर्च बिश्लेषण-** पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु.३०५३४४३ राजस्व बाँडफाँड र अनुदानबाट रु. समेत रु.३७३१५९५३४.८९ आम्दानी भएकोमा चालु तर्फ रु.२४७९८२६२९.३५ र पूँजिगत तर्फ रु.११०२७५६९८.३६ समेत रु.३५८२५८३२७.७१ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.८५ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.६३ लाख खर्च भएको छ जुन आन्तरिक आयको २०६.३२ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६६.४५ प्रतिशत चालु र २९.५५ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

६.७ **त्रैमासिक पूँजीगत खर्च-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले प्रगति विवरण तयार नगरेकोमा उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ । (रु. हजारमा)

| **बजेट उपशिर्षक** | **कुल खर्च** | **त्रैमासिक खर्च** | | | | **आषाढ महिनाको खर्च** |
|---|---|---|---|---|---|---|
| | | **प्रथम** | **दोस्रो** | **तेश्रो** | **चौथो** | |
| पुँजीगत खर्चतर्फ | ११०२७६ | ७००० | १३५९ | ३३९२६ | ६७९९१ | ४७०२५ |
| प्रतिशत | १०० | ६.३५ | १.२३ | ३०.७६ | ६१.६६ | ४२.६४ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.११ करोड २ लाख ७६ हजार खर्च भएकोमा प्रथम त्रैमासिकमा रु.७० लाख(६.३५प्रतिशत), दोस्रो त्रैमासिकमा रु.१३ लाख ५९ हजार (१.२३ प्रतिशत) र तेस्रो त्रैमासिकमा रु.३ करोड ३९ लाख २६ हजार (३०.७६ प्रतिशत), चौथो त्रैमासिकमा रु.६ करोड ७९ लाख ९१ हजार(६१.६६ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.४ करोड ७० लाख २५ हजार(४२.६४ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गरि सन्तुलित रुपमा खर्च गर्नुपर्दछ ।

७ **सहकारी नियमन-** सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार

पालिका भित्र ८ वटा सहकारी संस्था रहेकामा एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ।

८ **खर्चमा मितव्ययिता कायम गर्नुपर्ने-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ ।यसै गरी खर्च लेख्दा आवस्यकता र औचित्यका आधारमा आवस्यक प्रमाण कागजात सहित मितव्ययी तवरले गर्नु पर्दछ । तर पालिकाले यस वर्ष निम्न बमोजिम खर्च लेखेको देहाय बमोजिम पाईयो।

| **खर्च तर्फ** | **बार्षिक खर्च रकम** |
|---|---|
| विविध खर्च | १८९२००० |
| आर्थिक सहायता | २६२००० |
| बैठक भता | २७७००० |
| अनुगमन खर्च | ६९८००० |

• निश्चित उद्देश्य सहित बिशेष परिस्थितिमा मात्र कानुन द्वारा गठित समितीको बैठकमा मात्र बैठक खर्च लेख्न पाईने व्यवस्था विपरित कार्यालयका पदाधिकारी कर्मचारीहरुलाई कार्यालयकै नियमित कार्य सम्बन्धमा भएका बैठकमा उपस्थित भएको भत्ता दिएको पाईयो ।

• विविध खर्चको प्रयोजन नखुलेको आवश्यकता आंकलन नगरी खर्च गरेको तथा प्यान विल राखी एउटै पार्टीवाट पटक पटक गरी सिमा भन्दा बढी खरिद गरि भुक्तानी गरेको पाईयो । यस्ता खर्चहरुमा नियन्त्रण हुनु पर्दछ ।

९ **आन्तरिक नियन्त्रण व्यवस्थापन**

९.१ **आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेता पनि पूर्ण पालना भएको देखिएन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन । साथै पालिकाबाट यसवर्ष सञ्चालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको बार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन स्वीकृत ढाँचा अनुसार तयार गरेको पाईएन।

• विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रित भई वितरणमुखी रहेको पाईयो।

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्बर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन।

• पालिकाबाट सञ्चालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता नभएकोले यसवर्ष कार्यसम्पन्न भएका विभिन्न आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार हस्तान्तरण भएको पाइएन।

• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको छैन।

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ को दफा १४ र १९ अनुसार नागरिक बडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा गरेको पाइएन।

• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख राखी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख राखेको छैन।

• पालिकाले सार्वजनिक सम्पत्तिको अभिलेख राखेको देखिएन।

• कतिपय योजनाहरुमा इष्टिमेट तयार गरेको, नापी मूल्याङ्कन गरेको, जाँच गरेको, स्वीकृत गरेको, ठेक्का बिल र कार्यसम्पन्न प्रतिवेदन तयार गरेको, स्वीकृत गरेको मिति उल्लेख नभएको।

• निर्माण कार्यको कार्यसम्पन्न प्रविदेन अनुसार नापी किताव तयार गरी उक्त नापी कितावलाई नियमको प्रावधान अनुरुप अद्यावधिक गरी राख्नुपर्नेमा योजनाहरुको नापी लुज पेपरमा भर्ने गरेको पाइयो।

• विभिन्न प्रयोजनमा गरेको खर्च भुक्तानीमा सम्बन्धित फर्मलाइ भुक्तानी दिनुपर्नेमा कार्यालयका कर्मचारीलाइ भुक्तानी दिने गरेको।

• पालिकाले यो वर्ष इन्धनमा रु.२०००००० खर्च गरेको छ। इन्धनको निश्चित मापदण्ड वनाइ सरकारी सवारी साधन प्रयोग गर्नेलाइ मात्र इन्धन सुविधा दिनुपर्नेमा सम्पूर्णलाइ कुपन दिने गरेको तथा पदाधिकारीको इन्धनमा गाउँपालिकाले आफैले इन्धन कुपन काट्ने गरेको।

• पालिकाले विभिन्न योजनाहरुको लागत अनुमान तयार गर्दा नदिजन्य पदार्थमा लाग्ने रोयल्टी रकम समावेश गरि लागत अनुमान तयारी एंवम सम्झौता गरि भुक्तानी गर्नुपर्नेमा सो गरेको छैन।

• सार्वजनिक खर्चलाइ मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धि मापदण्ड, २०७८ अनुसार सार्वजनिक जवाफदेहीको पद धारण गरेको व्यक्तिले सम्पादन गरेको काम र सोसँग सम्बन्धित कारोबारको जिम्मेवारी र जवाफदेहिता बहन गर्नुपर्ने उल्लेख छ ।पालिकाले यस वर्ष सवारी मर्मतमा रु.१४९२६८६ खर्च गरेकोमा स्वीकृत मर्मत आदेश अनुसार मर्मत गराउने र सवारी मर्मतको म.ले.प.फा.नं. अद्यावधिक नगरेको।

पालिकाले स्वीकृत आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारी कार्यान्वयन गर्दै उल्लेखित व्यहोराहरुमा सुधार गर्नुपर्दछ ।

९.२ **जिन्सी-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

• यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन।

• पालिकाले जिन्सी सामानको एकिकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो।

• नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ।

९.३ **आन्तरिक लेखापरीक्षण-** आन्तरिक लेखापरीक्षण (कार्यविधि) निर्देशिका, २०६८ को दफा १(६) को उपदफा (ख) मा प्रत्येक चौमासिक अवधि व्यतीत भएको एक महिनाभित्र अनिवार्यरुपमा आन्तरिक लेखापरीक्षण सम्पन्न गर्नुपर्ने र सोही दफाको उपदफा (ग) मा आन्तरिक लेखापरीक्षण सम्पन्न भएको १५ दिनभित्र प्रतिवेदन तयार गरी सम्बन्धित कार्यालयलाई उपलव्ध गराउनु पर्ने उल्लेख छ । कार्यालयमा आन्तरीक लेखापरीक्षण शाखा रहेता पनि चौमासिक रुपमा लेखापरीक्षण भएको छैन । त्यस्तै स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७(3) मा आन्तरिक लेखापरीक्षणले औंल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनुपर्नेमा गराएको छैन। चौमासिक रुपमा आन्तरिक लेखापरीक्षण गराइ सो बाट देखिएका व्यहोराहरुमा अन्तिम लेखापरीक्षण हुनु अगावै सुधार गर्नुपर्दछ।

९.४ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको छ । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा पालिकाले उक्त प्रोफाइल अद्यावधिक गर्दै जानुपर्दछ।

९.५ **वडा कार्यालयवाट खरिद —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगवाट सम्पादन गर्नुपर्ने व्यवस्था छ । कार्यालयको खरिद व्यवस्थापन सम्बन्धमा परीक्षण गर्दा यस वर्ष वडा कार्यालयहरुको कार्य सञ्चालन र व्यवस्थापन तर्फ ७ वटा वडाहरुमा बजेट विनियोजन गरी बजेट खर्च भएको देखिन्छ । वडाले गरेको खरिदको नमुना छनौट गरी परीक्षण गर्दा वडा सञ्चालनको लागि आवश्यक सामग्री वडा सचिव आफैले माग फारम तयार गर्ने, खरिद आदेश दिने र वडाको छुट्टै जिन्सी खातामा प्रविष्टी गर्ने, दाखिलामा जिन्सी सम्बन्धी आवश्यक स्पेशिफिकेशन नखुलाइ जिन्सी आम्दानी गर्ने र कार्यालयले सोही बमोजिम विल भुक्तानी गर्ने गरेको पाइयो । बजेट संचालन गर्ने निकायवाट सामग्री खरिद गरी मुल जिन्सी अभिलेखमा चढाई हस्तान्तरण मार्फत वडा कार्यालयमा दिनुपर्ने र वडाले आफूले प्राप्त गरेको जिन्सी सहायक जिन्सी खातामा आम्दानी गर्नुपर्नेमा सो नगरेको कारण एकीकृत जिन्सी अभिलेख तयार भएको देखिएन । यसमा सुधार हुनुपर्दछ।

१० **वार्षिक खरिद योजना/गुरुयोजना-** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.११,०२,७५,६९८ पूँजीगत

खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली बनाएता पनि खरिद योजना र गुरुयोजना तयार गरेको देखिएन ।अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

११ **कन्टिन्जेन्सी खर्चको अभिलेख-** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेश गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । पालिकाबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक योजनाबाट आ.व ०७९।८० मा कन्टीन्जेन्सी बापत रु.७५ हजार कट्टी गरेको विवरण पेश गरेको छ । यसरी कट्टी गरेको रकमको योजनागत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राखेको छैन।

## १२ ठेक्का व्यवस्थापनः

१२.१ **ठेक्का व्यवस्था-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिस्पर्धा गराई आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ३६ प्रतिशत सम्म घटीमा काम गर्ने गरी कबोल भएको पाइयो । पालिकाको स्वीकृत नर्म्सका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण निम्नानुसार छ।

| क्र.सं. | योजनाको विवरण | ठेक्का नं. | बोलपत्रदाता | लागत अनुमान | सम्झौता रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | सरस्वति मा वि होस्टेल भवन निर्माण | ५ | ११ | ११६२९०७१ | ७४४२१५५.२९ | ३६.०० |
| २ | ईन्द्र मा वि ४ कोठे भवन निर्माण | २ | ४ | ४७२३६९३ | ४२०२२९६ | ११.०४ |
| ३ | महुन्यालमाण्डौ२ कोठे भवन निर्माण | १ | ४ | ३०७६८९७ | २५००६६२.८८ | १८.७३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | सितारामआ वि २ कोठे भवन निर्माण | ३ | ४ | २६५७८१७ | २३३५६१९.४८ | १२.१२ |
| ५ | बुहार अमसैन सडक निर्माण | ५ | ४ | ९३९६१९० | ७२४३१७९.०२ | २२.९१ |

१२.२ **ठेक्का अभिलेख-** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

## १३ पदाधिकारी सुविधा

१३.१ **पदाधिकारी सुविधा** - सुदुरपश्चिम प्रदेशको लागी स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ लाई सँशोधन गर्न बनेको विधेयक को दफा ३ को अनुसूची-१(क) बमोजिम पदाधिकारी तथा सदस्यहरुलाई सुविधा उपलब्ध गराउने व्यवस्था छ ।कार्यालयले यस वर्ष पदाधिकारी र सदस्यहरुलाई २०७९ श्रावण देखी २०८० आषाढ मसान्तसम्मको रु.६३००००० सुविधा भुक्तानी दिएको छ।

१३.२ **भ्रमण खर्च-** सुदुरपश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्वन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली २०६४ वमोजिम भ्रमण आदेश स्वीकृत भएको ३५ दिन भित्र भ्रमण खर्च विलको रकम भुक्तानी लिई सक्नुपर्दछ ।तर गाउँपालिकाले विभिन्न मितिको भ्रमण भत्ता एकै पटक भुक्तानी गरेको देखिन्छ । त्यस्तै भ्रमण प्रतिवेदनमा अधिकांश कर्मचारी र पदाधिकारीले कुन उदेश्यले भ्रमणमा खटिएको हो र के कामहरु गरेको हो सोको स्पष्ट विवरण उल्लेख गरेको देखिदैन । स्पष्ट प्रयोजन र उदेश्य बेगर अधिकांश ७ दिनको समयावधि राखि भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको
पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ।

१३.३ **पदाधिकारी भ्रमण खर्च-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था छ । यसरी भ्रमण गर्दा कार्यालयको काममा भ्रमण गरेको स्पष्ट उद्देश्य खुलाई भ्रमण गरेको हुनुपर्नेमा कार्यालयको कामकाज र मन्त्रालयमा वडाको योजना माग गर्न गएको खुलाई भुक्तानी गरेको पाइयो ।पालिकाले देहायका भ्रमण भत्ता भुक्तानीमा खर्चको मितव्ययिता कायम हुने गरि खर्च गरेको देखिएन । पालिकाका पदाधिकारी भ्रमणमा जाँदा प्रयोजन विना भ्रमण खर्च लिने गरेको मितव्ययी नदेखिएको रु.

| गो.भौ.न.मिति | **विवरण** | **रकम** |
|---|---|---|

| | | |
|---|---|---|
| ६१०-०८०।३।२२ | वडा अध्यक्ष कृष्ण बहादुर बम | २२५०० |
| ६१०-०८०।३।२२, ३४५-०७९।१२।२६ | वडा अध्यक्ष जय बहादुर धामी | ८६८०० |
| ६१०-०८०।३।२२ | वडा अध्यक्ष राम बहादुर कुँवर | २७००० |
| ५८३-०८०।३।२० | वडा अध्यक्ष कृष्ण प्रसाद जैशी | २३००० |
| ५८६-०८०।३।२० | वडा अध्यक्ष नेत्र बहादुर रावल | ४८५०० |
| १३८-०७९।९।१२ | वडा सदस्य रामचन्द्र जोशी | ७५०० |
| ५८६-०८०।३।२० | वडा सदस्य ध्रुव रावल | १८७५८ |
| | जम्मा | २३४०५८ |

| | |
|---|---|
| अनियमित भएको | २,३४,०५८ |

१३.४ **पदाधिकारी इन्धन सुविधा-** सुदुरपश्चिम प्रदेशको लागी स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ लाई सँशोधन गर्न बनेको विधयेक को दफा ३ को अनुसूची-१(क) बमोजिम पदाधिकारी तथा सदस्यहरुलाई सुविधा उपलब्ध गराउने व्यवस्था छ ।इन्धन सुविधामा वडा अध्यक्षलाई दुइ पाङ्ग्रे सवारी साधनको लागि अधिकतम २० लिटर इन्धन र तीन महिनामा मोविल एक लिटर भन्दा नबढ्ने गरी गाउँ सभाले निर्णय गरि उपलब्ध गराउनु सक्ने व्यवस्था रहेकोमा पालिकाले ऐनमा तोकिएको भन्दा बढी इन्धन सुविधा भुक्तानी गरेको पाइयो । ऐन विपरित भुक्तानी दिएको इन्धन सुविधा असुल गर्नुपर्ने रु.

| नाम | पाउने इन्धन सुविधा | भुक्तानी भएको | बढी इन्धन | बढी रकम |
|---|---|---|---|---|
| कृष्ण बहादुर बम | २४० लिटर | ४१६ लि. | १७६ लि. | २९५६८ |
| नेत्र बहादुर रावल | २४० लिटर | २९८ लि. | ५८ लि. | ९७४४ |
| कृष्ण प्रसाद जैशी | २४० लिटर | ४१६ लि. | १७६ लि. | २९५६८ |
| दिल बहादुर बलायर | २४० लिटर | ४७६ लि. | २३६ लि. | ३९६४८ |
| जम्मा | | | | १०८५२८ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,०८,५२८ |

## १४ चालु खर्च तर्फ

१४.१ **कर दाखिला-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७७ को दफा २७(१) बमोजिम प्रचलित कानून बमोजिम सरकारलाई प्राप्त हुने राजस्व रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ ।१२ औं गाउँसभामा जनक व.

कठायकले भत्ता वितरण गर्दा करकट्टी गरेको रु.१२९०० बैक दाखिला गरेको पाइएन । करकट्टी रकम सम्बन्धित राजस्व खातामा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १२,९०० |

१४.२ **जग्गा भाडा-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४ अनुसार सार्वजनिक निकायले जग्गा भाडामा लिनेसम्बन्धी व्यवस्था छ। पालिकाले तरकारी खेतिका लागि झिमे माध्यमिक विद्यालयलमा अध्ययनरत कृषि प्राविधिक पढ्ने विद्यार्थीको अध्ययनका लागि नरबहादुर शाहीसँग प्रति महिना रु.१६००० जग्गा भाडामा लिने गरि सम्झौता गरेको छ। जग्गा भाडा लिने प्रक्रिया वेगर पालिकाले नर बहादुर शाहीसँग सम्झौता गरी ३९९-०७९।१२।२८ बाट वार्षिक भाडा रु.१९२००० भुक्तानी गरेको छ। पालिकाले जग्गा भाडामा लिने आधार, जग्गाको क्षेत्रफल र प्रति महिना रु.१६००० दिने आधार खुलाउनु पर्दछ।

१४.३ **शिर्षक फरक -**

**.......** (मिति **२०८०-१२-२८** को निर्णयानुसार **४६७,८६६** को सम्परीक्षण मनासिब देखि फस्योंट गरिएको )

१४.४ **मेडेपा कार्यक्रम-**

**.......**(मिति **२०८०-१२-२८** को निर्णयानुसार **१३८,२८०** को सम्परीक्षण मनासिब देखि फस्योंट

१४.५ **सवारी साधन नविकरण जरिवाना –**

**.......**(मिति **२०८०-१२-२८** को निर्णयानुसार **१६,०१७** को सम्परीक्षण मनासिब देखि फस्योंट गरिएको)

**१५** **सूचना प्रसारण-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्ता रकम पुष्टि गर्ने बील भरपाई कागजात र प्रमाण संलग्न राख्नु पर्ने उल्लेख छ ।पालिकाले ३४१-०७९।१२।२३ वाट विभिन्न समयमा सुचना प्रसारण गरेकोमा कुन समयमा, के सुचना रेडियोबाट प्रसारण गरेको हो सोको प्रसारण प्रमाणपत्र संलग्न नगरि भुक्तानी दिएको नियमसम्मत देखिएन।

| विवरण | रकम |
|---|---|
| त्रिवेणी मिडिया नेटवर्क सिलगढी | १००००० |
| रेडियो डोटी | १००००० |
| सामुदायिक रेडियो शैलेश्वरी | १००००० |
| जम्मा | ३००००० |

**१६** **भरपाइ पेश-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्ता रकम पुष्टि गर्ने बील भरपाई कागजात र प्रमाण संलग्न राख्नु पर्ने उल्लेख छ । पालिकाले खरिद गरेका देहाय सामग्री खर्च नभई मौज्दातमा रहेको पाइयो । यसरी आवश्यकता

पहिचान नगरी वढि खरिद गर्दा आर्थिक व्ययभार पर्ने हुदा आवश्यकता अनुसार खरिद गर्नुपर्ने र वितरण भएका सामग्रीको नापजाँच सहितको प्रतिवेदन संलग्न गरेर मात्र खर्च लेखुपर्दछ।

| गो.भौन. मिति | विवरण | परिमाण | वितरण | मौज्दात | दर | रकम |
|---|---|---|---|---|---|---|
| २५५-०८०।३।२२ | ग्यावियन जाली ३*१*१ | ५० | १६ | ३४ | ५९०८ | २२६९८५ |
| | २*१*१ | ६५ | २४ | ४१ | ४१९० | १९४१२२ |
| | १.५*१*१ | ९० | ३ | ८७ | ३११३ | ३०६०३९ |
| २५५-०८०।३।२२ | HDPE पाइप | ११०० मि | ० | ११०० | ११७ | १४५४३१ |
| ३८-२०७९।११।६ | जस्तापाता रङ्गिन | २७ वण्डल | १९.७६ | ७.२४ | १४८७० | १२१६५४ |
| | प्लेन जस्तापाता | २० पिस | १२ | ८ | ११८० | १०६६७ |
| | **जम्मा** | | | | | १००४८९८ |

## १७ राजस्व व्यवस्थापन

१७.१ **आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३५८२५८३२७ | ३०५३४४३ | ०.८५ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.८५ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१७.२ **आय अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित

रु. ५६४१००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु.३०५३४४३ अर्थात अनुमान भन्दा ४५.८७ प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ।

१७.३ पालिकाले गत वर्ष प्रयोग हुन बाँकी, यस वर्षको छपाई एंव प्रयोग भएको र बाँकी रहेका रसिद विवरण खुल्ने गरि नगदी रसिद नियन्त्रण खाता राख्नुपर्नेमा खाता राखेको देखिएन ।पालिकाले वडाहरुमा पठाएको रसिदको दोस्रो प्रति फिर्ता प्राप्त गरी दैनिक रुपमा काटिएका नगदी रसिदहरुको अभिलेख तयार गरेको छैन । त्यस्तै बैंकमा दाखिला भएको रकमको आधारमा गोश्वार भौचर उठाएको देखिन्छ । कार्यालयले नगदी रसिदको दैनिक आवर्जे, म.ले.प.फा.नं. १०६ पनि तयार गरेको छैन । दैनिक राजश्व असुली रकम म.ले.प.फा.नं. १०६ मा पोष्टिङ गर्दै मासिक जोड जम्मा गरी वार्षिक रुपमा स्पष्ट देखिने गरी राजश्व प्राप्त भएको अभिलेख तयार नगरेकोले कार्यालयले प्राप्त गर्नुपर्ने राजश्व रकम सम्बन्धमा एकिन गर्न सकिएन।

१७.४ **कर तथा शुल्क असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ।

| **आय शीर्षक** | **अनुमान** | **असुली** | **असुली प्रतिशत** |
|---|---|---|---|
| नक्सापास दस्तुर | १००००० | ० | ० |
| व्यक्तिगत घटना दर्ता दस्तुर | ६००००० | २३९८६६ | ३९.९८ |
| व्यवसाय कर | ३००००० | ४८२४७ | १६.०८ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित अनुमान एवम् असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याइ कर असुली गर्नुपर्दछ ।

१७.५ स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ६२ख. मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिका तथा नगरपालिकाबाट स्वीकृत गराउनु पर्ने र वन पैदावारको बिक्रीवापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित गाउँपालिका तथा गाँउपालिकाको सञ्चित कोषमा जम्मा गर्नु पर्ने उल्लेख छ । यस पालिकाभित्रका सामुदायिक वन उपभोक्ता समितिले यस पालिकाबाट कार्य योजना स्वीकृत नगरेको र वन पैदाबारको बिक्रीबाट प्राप्त हुने रकमको दश प्रतिशत रकम पालिकामा जम्मा गरेको समेत पाइएन ।कार्य योजना स्वीकृत गराउने र वन पैदावारको बिक्रीवापत प्राप्त हुने रकम पालिकाको सञ्चित कोषमा जम्मा गर्ने व्यबस्था हुनुपर्दछ।

१७.६ **राजश्व अभिलेख** - पालिकाले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्‍याउनु पर्ने देखियो । पालिकाले सबै वडाहरुमा स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ।

१७.७ **ढिला राजस्व दाखिला गरेको** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७७ को दफा २७(१) बमोजिम प्रचलित कानून बमोजिम सरकारलाई प्राप्त हुने राजस्व रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले राजस्वको लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ । त्यसै गरी दफा २८(२) बमोजिम आफ्नो जिम्मामा रहेको नगदी दाखिला गर्न बाँकि रहेकोमा कार्यालय प्रमुखले १० दिन सम्म ढिला गरेकोमा दश प्रतिशत जरिवाना सहित दाखिला गर्न लगाउने र सो भन्दा ढिलो गरेमा दश प्रतिशतले जरिवाना गर्न लगाई कसुरको मात्रा अनुसार विभागीय कारवाही समेत गर्न, गराउन सक्ने व्यवस्था छ । तर अधिकाँश वडा सचिवहरुले १/२ महिनापश्चात् मात्र दाखिला गर्ने गरेको अवस्था छ । नियमको कडाइका साथ पालना हुनुपर्दछ।

१८ **वितरणमुखी कार्यक्रम-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(२) मा योजना तर्जुमाको आधार तय गरेको छ । कार्यक्रम तर्जुमा गर्दा सोही आधारलाई मध्यनजर गरी कार्यक्रम छनौट र कार्यान्वयन गर्नुपर्नेमा सो विपरित व्यक्ति तथा संस्थालाई फाईदा पुग्ने गरी सामग्री खरिद गरी वितरण गरेको छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४.२ मा सरकारी रकम खर्च गर्दा साधन र स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नु पर्ने व्यवस्था छ । पालिकाले कार्यक्रम बनाउँदा उत्पादनमुखी पुजिगत कार्यक्रम तयार गरेको हुनु पर्दछ । विपन्न तथा लक्षित बर्गलाई फाईदा पुग्ने, समूहमा आधारित कार्यक्रम तथा न्यून आय वर्गका लागि दिगो रोजगारी सिर्जना गर्न सक्ने कार्यक्रममा अनुदान प्रदान गर्दा समूहको सिफारीस व्यक्तिको खरिद गर्न सक्ने क्षमताको मूल्याँकन, वितरित सामानको दिगो उपयोग तथा दिगो आयआर्जनको उपयुक्त व्यवस्था मिलाएर मात्र अनुदान वितरण गरिनु पर्दछ । अत कार्यक्रम तयार गर्दा वितरणमुखी बनाउने कार्य नियन्त्रण गरिनु पर्दछ।

## १९ संघीय हस्तान्तरित कार्यक्रम

१९.१ **विद्यालयको अनुगमन नियमन व्यवस्था** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार माध्यमिक तहसम्मका विद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्याङ्कन तथा नियमन सम्बन्धित कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन । जसबाट विद्यालय अनुगमन कार्य शिक्षण शिकाइ कार्य प्रभावकारी रुपमा संचालन हुन नसक्ने देखिएकोले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा संचालन गर्ने तर्फ ध्यान दिनुपर्दछ । साथै निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण पनि गरेको नदेखिएकोले सो तर्फ पनि पालिकाले ध्यान दिनुपर्दछ।

१९.२ **दिवा खाजा-** कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।८० को क्रियाकलाप नं. २.७.११.१ मा स्थानीय तहले विद्यार्थीका लागि दिवा खाजा कार्यक्रम कार्यान्वयन गर्दा विद्यालयगत तथ्याङ्कका आधारमा प्रति विद्यार्थी दैनिक रु. १५ का दरले विद्यालय सञ्चालन भएको दिनलाई आधार मानेर वर्षमा १८० दिनका लागि अनुदान दिने व्यवस्था छ । त्यसै स्थानीय तहले दिवा खाजा उपलब्ध गराइएका विद्यालयको विद्यार्थी दैनिक हाजिरी पुस्तिका परीक्षामा सामेल भएको दिनसमेतको प्रतिलिपी विद्यालयका प्रधानाध्यापक र विव्यस अध्यक्षबाट प्रमाणित गराइ स्थानीय तहमा संकलन गरी संख्या यकिन भएपश्चात मात्र अनुदान दिने व्यवस्था छ । कार्यालयले यस वर्ष दिवा खाजाका लागि ३३ विद्यालयहरुलाइ रु.१०३८५५४० निकासा दिएको छ ।

विद्यालयहरुलाइ निकासा भएको चौथो त्रैमासिकको माग निकासा परीक्षण गर्दा निम्नानुसारका विद्यालयलाइ बढी निकासा भएको असुल गर्नुपर्ने रु.

| क स | विद्यालयको नाम | माग | निकासा | बढी निकासा |
|---|---|---|---|---|
| १ | सरस्वती मा वि | २०९७६० | २३८८९० | २९१३० |
| २ | मुहुन्यालमाण्डौ मा वि | ११९२५० | १२६८२० | ७५७० |
| ३ | गङरदेव आ वि | ५५९५० | १४०४१५ | ८४४६५ |
| ४ | भुवनेश्वरी मा वि जमलकटीया | ७०६२० | १०६६२० | ३६००० |
| ५ | मष्टेश्वर आ वि मार्कोट | ७८८४० | ८२८९० | ४०५० |
| ६ | छडिदेव आ वि | १४८२० | १६४१५ | २५९५ |
| | जम्मा | | | १६३८१० |

दिवा खाजामा हुनुपर्ने आवश्यक मात्रा, स्वच्छता र पोषण तत्वका सम्वन्धमा पालिकाले अनुगमन तथा दिवा खाजाको गुणस्तर मापन गरी अनुगमन मूल्याङ्कनको प्रतिवेदन तयार गरी दिवा खाजा रकम निकासा गर्नुपर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,६३,८१० |

१९.३ **शुन्य दरबन्दी** – स्थानीय तहमा रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपुर्ति गरी नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । समायोजन कार्यान्वयन निर्देशिका, २०७० ले न्युन विद्यार्थी भएका विद्यालयलाई जिल्ला शिक्षा समन्वय अधिकारीको सिफारिसमा जिल्ला शिक्षा समितिले बन्द गरी अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्न सक्ने उल्लेख छ । निर्देशिकाको बुँदा नं. १४.१ मा विद्यालय समायोजन सम्बन्धि कार्यक्रम कार्यान्वयनका लागी विद्यालयको तथ्यांक संकलन गरी सम्भाव्यता अध्ययन गर्नुपर्ने व्यवस्था छ । यस पालिका अन्तर्गत ३३ वटा विद्यालय रहेकोमा तपशिलबमोजिमका ४ वटा विद्यालयमा शुन्य दरबन्दी रहेको देखियो । जसले गर्दा नियमित पठनपाठनमा समस्या आउन सक्छ । पालिकाले शिक्षकको दरबन्दी, पदपुर्तिको अवस्था र विद्यार्थी सङ्ख्याका आधारमा विद्यालय समायोजन तर्फ ध्यान दिनुपर्दछ ।

| सि.नं. | विद्यालयको नाम | शुन्य दरबन्दी | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|
| १ | श्री सरस्वती सा.आ वि झिगावस्ती | ० | १६३ | १:० |
| २ | श्री दुर्गा आ वि जमलकटीया | ० | ३९ | १:० |
| ३ | श्री लाटाकलारै आ वि कोटीगाउँ | ० | १३५ | १:० |
| ४ | श्री छडिदेव आ वि चरिकोट | ० | १९ | १:० |

१९.४ **छात्रवृत्ति वितरण-** विद्यालयहरूको वार्षिक कार्यक्रम अनुसार आधारभुत तह र माध्यमिक तहका छात्रा छात्रवृत्ति र दलित छात्रवृत्ति कार्यक्रम अन्तर्गत पालिकाले ३३ वटा विद्यालयहरूलाई रु.१३४०२०० निकाशा दिएको छ। विद्यालयलाई निकासा भएको छात्रवृत्तिको भरपाइ परिक्षण गर्दा निम्नानुसारका विद्यालयमा बढी निकासा भएको देखिएको असुल गर्नुपर्ने रु.

| **विद्यालयको नाम** | **निकासा** | **भरपाइ** | **बढी** |
|---|---|---|---|
| झिमेमालिका मा वि | १२०५०० | ११०४०० | १०१०० |
| शोभा आ वि | ३५८०० | ३३००० | २८०० |
| नर्याल आ वि | ५२२०० | ४९८०० | २४०० |
| जम्मा | | | १५३०० |

पालिकाले छात्रवृत्ति रकम लाभान्वित विद्यार्थीहरूलाई वितरण गरे नगरेको तथा उक्त छात्रवृत्तिबाट शैक्षिक क्रियाकलापमा परेको प्रभावको अनुगमन मूल्याङ्कनको प्रतिवेदन तयार गरी छात्रवृत्तिको वितरणमा पारदर्शिता एवं प्रभावकारीता ल्याउनु पर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | १५,३०० |

१९.५ **शिक्षकको तलब भत्ता** – अन्तर सरकारी बित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता वापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने तर शैक्षिक सत्र २०७९ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दी बाहिर २४ विद्यालयहरुलाइ शिक्षक नियुक्तिका लागि अनुदान वापत समानीकरण अनुदानबाट रु.९८५८००९ तलब भत्ता भुक्तानी गरेको छ।

| क स | विद्यालयको नाम | निकासा दिएको रकम | मा वि शिक्षक | दलितस्वयंसेवक शिक्षक शिक्षक |
|---|---|---|---|---|
| १ | श्री मुहुन्यामाण्डौ आ वि ०१ लोली | ८९४००० | | |
| २ | श्री महादेव आ वि ०१ डुम्राकोट | १७७००० | | |
| ३ | श्री रामेश्वर आ वि ०१ गणेशकाँडा | ५४४५०० | | १९८००० |
| ४ | श्री इन्द्र मा वि ०२ लेकगडा | ६७८१०१ | | |
| ५ | श्री भैरव आ वि ०२ दाडीमाटी | १८०००० | | |
| ६ | श्री जनता आ वि ०२ मौडा | १५०००० | | |
| ७ | श्री नर्याल आ वि ०२ नारी | १५०००० | | |
| ८ | श्री कुथाकोट आ वि ०२ भल्मुडा | १७०००० | | |
| ९ | श्री शिवशक्ति आ वि ०२ जारिमभाडी | २१४५०० | | १९८००० |

| | | | | |
|---|---|---|---|---|
| १० | श्री वासुदेव सा.आ वि ०३कापडीगाउँ | ४००००० | | |
| ११ | श्री वासुदेव मा वि ०३ झिगावस्ती | ५८३८५४ | ५०३८७४ | |
| १२ | श्री गङर देव आ वि ०३ देउकाँडा | १५०००० | | |
| १३ | श्री मष्टेश्वर आ वि ०३ झिगावस्ती | २१४५०० | | १९८००० |
| १४ | श्री सरस्वती सा.आ वि ०३ झिगावस्ती | १००००० | | |
| १५ | श्री छडिदेव आ वि ०३चरिकोट | १००००० | | |
| १६ | श्री भुवनेश्वरी आ वि ०४चन्केशैन | २१४५०० | | १९८००० |
| १७ | श्री भुवनेश्वरी मा वि ०५ जमलकटीया | २००००० | | |
| १७ | श्री मष्टेश्वर आ वि ०५ बुहार | ५१४५०० | | १९८००० |
| १८ | श्री सरस्वती मा वि ०५ रानागाउँ | ३००००० | | |
| १९ | श्री भूमिराज मा वि ०६ सलेना | ६७९८३० | ५९९८५० | |
| २० | श्री देवस्थल मा वि ०६ फलेडी | १५०००० | | |
| २१ | श्री कालिका आ वि ०६ भाटीगाउँ | ४९४००० | | |
| २२ | श्री कलारै आ वि ०७ गौरीघाट | २८०००० | | |
| २३ | श्री लाटाकलारै आ वि ०७ कोटीगाउँ | १२५००० | | |
| २४ | श्री चण्डेश्वरी आ वि ०७ चौड | १००००० | | |
| | जम्मा | ७७६४२८५ | ११०३७२४ | ९९०००० |

१९.६ **निःशुल्क पाठ्यपुस्तक-** कार्यालयले निःशुल्क पाठ्यपुस्तक खरिदको लागि ३३ विद्यालयलाई रु.३३५४६५९ अनुदान निकासा दिएको छ । सार्वजनिक विद्यालयमा प्रदान गरिने निःशुल्क पाठ्यपुस्तक समयमा विद्यालयले खरिद गरी विद्यार्थीलाई उपलब्ध गराएको, विद्यालयले प्रयोग गर्ने पाठ्यसामग्री पाठ्यक्रम विकास केन्द्रको स्वीकृत सूचि मध्येबाट भएको सम्बन्धमा कार्यालयले अनुगमन गर्नुपर्नेमा गरेको छैन ।पालिकाले विद्यार्थीले पाठ्यपुस्तक पाए नपाएको एकिन गर्नुपर्दछ।

१९.७ **प्रधानमन्त्री रोजगार कार्यक्रम** – स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा १२ निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ९८ जनालाई रोजगारी उपलव्ध गराई रु.५३६३४७४ भुक्तानी गरेको विवरण पालिकाले उपलब्ध गराएको छ । लक्षित वर्गलाई ९० देखि १०० दिनसम्म १२ योजनामा रोजगारी उपलव्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम

खर्च समेत भुक्तानी दिएको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।

१९.८ **निर्माण सामग्रीको भुक्तानी-** प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ नियम ८४ मा पारिश्रमिक वाहेकको अन्य खर्चको व्यवस्थापनमा आयोजनामा लगाएका श्रमिकको ज्यालामा मात्र खर्च गर्नुपर्ने उल्लेख छ । पालिकामा सञ्चालित आयोजनाको लागत अनुमान तयार गर्दा श्रमिकको पारिश्रमिक र निर्माण सामग्रीको मुल्य समेत गणना गरी तयार गरेको देखियो । श्रमिकको पारिश्रमिकमा भुक्तानी दिनुपर्नेमा निर्माण सामग्रीको मुल्यसमेत गणना गरि भुक्तानी गर्दा पालिकालाइ बढी व्ययभार परेको रु.

| गौ.भौ.न. मिति | योजनाको नाम | प्राविधिक मुल्यांकन अनुसार लाग्ने जम्मा दिन | भुक्तानी भएको जम्मा दिन | फरक दिन | दर | फरक दरबाट बढी रु. |
|---|---|---|---|---|---|---|
| १२१-०८०।१।१४ | मटैना देखी छडिताल सम्म बाटो मर्मत सम्भार | ५१४ | ७६५ | २५१ | ५७७ | १४४८२७ |
| १३९-०८०।२।५ | वडा नं. ७ को वडा कार्यालय घेरवार तथा मर्मत सम्भार | २२६ | ७८३ | ५५७ | ५७७ | ३२१३८९ |
| १४१-०८०।२।६ | वाजगड, संग्रालय देखी वडा कार्यालय सम्म बाटो मर्मत सम्भार | ५७० | ९७९ | ४०७ | ५७७ | २३५९९३ |
| १४३-०८०।२।२२ | झिमे स्कुल बाटो मर्मत सम्भार | २१७ | ५५३ | ३३६ | ५७७ | १९३७८६ |
| १४४-०८०।२।२२ | फलेडी न्वाला निर्माण तथा मर्मत सम्भार | ३४५ | ७०० | ३५५ | ५७७ | २०४८३५ |
| १४५-०८०।२।२२ | सिमल्नेखेडी मन्दिर वाल मर्मत सम्भार | ४६७ | ६२३ | १५६ | ५७७ | ९००१२ |
| १४६-०८०।२।२२ | झाडखोला गोगनखोला सडक मर्मत सम्भार | २६५ | ५४८ | २८३ | ५७७ | १६३२९१ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १४९-०८०।२।२२ | रातीखाली भुल्के देखी ठुलाखोला सम्म पक्की बाटो निर्माण | ४३१ | ७५८ | ३२७ | ५७७ | १८८६७९ |
| १५०-०८०।२।२२ | जोगेनीधारा सिमाईले भराण र विरेझाडी धारा देखी पाङ्गा सम्म पक्की बाटो निर्माण | २४१ | ५८३ | ३४२ | ५७७ | १९७३३४ |
| १४७-०८०।२।२२ | मष्टेश्वर आ.वि. खेलमैदान निर्माण | ७१५ | ११५२ | ४३७ | ५७७ | २५२१४९ |
| १४८-०८०।२।२२ | बाटेगडा देखी ठुलागडा फलाटेखोला बाटो मर्मत सम्भार | ६४२ | ११७८ | ५३६ | ५७७ | ३०९२७२ |
| | | | | | | २३०१५६७ |

| | |
|---|---|
| अनियमित भएको | २३,०१,५६७ |

२० **पत्रपत्रिकालाइ भुक्तानी-** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार निकायले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ।यसका अतिरिक्त विज्ञापन प्रकाशन गर्दा अन्य पत्रिकाले प्रकाशन गरेको दरमा गाउँपालिकालाई २५ प्रतिशतसम्म छुट दिने गरेकोमा यस पालिकाबाट प्रकाशित सबै बिज्ञापनमा २५ प्रतिशत भन्दा न्यून छुट लिने गरेको देखिन्छ। अधिकतम छुट नलिदा पालिकालाई बढि व्ययभार परेको देखिन्छ। आन्तरीक आय न्युन रहेकोले पालिकाले हरेक खर्चहरुमा मितव्ययिता अपनाउनु पर्दछ

## २१ स्वास्थ्य तर्फ

२१.१ **बहुक्षेत्रिय पोषणतर्फ-** महिला सहकारी तथा समूहमा बहुक्षेत्रिय पोषण सम्बन्धी आयमुलक कार्यक्रम सञ्चालन कार्यविधि २०७७ को कार्यविधि १५ मा अनुदान पाउने सहकारी समुहको अनुगमन स्थानीयतहको अनुगमन समितिले गर्ने उल्लेख छ । गो भौ नँ २६०।२०८०।३।२४ मा बागवानी कृषक समूहलाई प्रति कृषक रु.२५००० का दरले रु.५२३००० भुक्तानी गरेको छ । सम्बन्धित लाभग्राहीले सम्झौता अनुरुप कार्य सञ्चालन गरेको अनुगमन गरी सोको प्रभावकारिता सम्बन्धमा अनुगमन गर्नुपर्दछ।

२१.२ **न्यानो झोला कार्यक्रम-** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७९।८० मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था

छ । पालिकाले आर्थिक वर्षको अन्त्यमा ७०० थान खरिद गरी रु.६२८८४५ मा भुक्तानी गरेको पाइयो । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ।

२१.३ **औषधी खरिद-** पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले विभिन्न फर्मसँग रु.२५ लाखको औषधि खरिद गरेको देखिन्छ। आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन। अतः पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

## २२ कृषि तर्फ

२२.१ **अनुदानको अनुगमन** – सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले कृषि, पशु तर्फ रु.४२ लाख ६३ हजार अनुदान खर्च लेखेको छ । पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । पालिकाले स्थानीय अनुदान नीति तय गरी उत्पादन एवं उपलब्धिका आधारमा अनुदान वितरण गरी वितरित अनुदानको अनुगमनलाई प्रभावकारी बनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरित अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ।

२२.२ **विरुवा खरिद-** पालिकाले विरुवा खरिद गर्दा स्वीकृत दरलाइ आधार लिइ सोहीदरमा मूल्य नबढाई खरिद गर्नुपर्दछ । पालिकाबाट विरुवा खरिद गर्दा सरकारी दरभन्दा बढी मुल्यमा खरिद भएको देखियो । यसरी स्वीकृत दरभन्दा बढी दरमा खरिद गरि लाभग्राहीलाइ वितरण गर्दा पालिकालाई थप व्ययभार परेको रु.

| गौ.भौ.न. मिति | **विरुवा** | **परिमाण** | **खरिद रेट** | **सरकारी दर** | **बढी दर** | **रकम** |
|---|---|---|---|---|---|---|
| ३६९-०७९।१२।२७ | ओखर | ३६० | ४५० | २१० | २४० | ८६४०० |
| १६०-०८०।२।४ | अदुवा | २२५० | १३० | १०० | ३० | ६७५०० |
| | जम्मा | | | | | १५३९०० |

| | |
|---|---|
| अनियमित भएको | १,५३,९०० |

२२.३ **मलमा अनुदान-** अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका, २०७७ को नियम १४(१) मा प्रदेश सरकार वा स्थानीय तहले नेपाल सरकारवाट अनुदानमा प्राप्त मलको मुल्यमा थप अनुदान दिन नमिल्ने व्यवस्था छ । पालिकाले यस वर्ष २३३-०८०।३।२१ बाट मकैबाली प्रवर्द्धन कार्यक्रम अन्तर्गत श्री छत्रेश्वर ताजा तरकारी उत्पादन कृषक समूहलाइ रु.७५००० मलमा अनुदान दिएको असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७५,००० |

## २३ सामाजिक सुरक्षाः

२३.१ **पारदर्शिता** - सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७7 को दफा ३2 मा स्थानीय तहको कार्यालयले लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पुरा गर्नुपर्ने प्रकृया जस्ता भत्ता सम्बन्धि जानकारी स्थानीय सामाजिक संघसंस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था गरेकोमा गाउँकार्यपालिकाको कार्यालयले उल्लेखित व्यवस्था परिपालना गरेको पाइएन । कार्यविधिमा उल्लेखित व्यवस्था परिपालना गरी सामाजिक सुरक्षा कार्यक्रमको पारदर्शिता प्रवर्द्धन गर्नुपर्दछ।

२३.२ **दोहोरो खाता नम्बरमा सामाजिक सुरक्षा भत्ता दाखिला-** सामाजिक सुरक्षा नियमावली, २०७६ मा सामाजिक सुरक्षा भत्ता लाभग्राहीको वैक खाता मार्फत वितरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले सामाजिक सुरक्षा भत्ता वैक खाता मार्फत वितरण गरेकोमा वैकले लाभग्राहीको खातामा भत्ता पठाएको रिभर्स फिड परिक्षण गर्दा खाता दोहोरो परेको देखियो । पालिकाले खाता दोहोरो परेको सम्बन्धमा एकिन गरि सम्बन्धित वैकवाट दोहोरो खातामा भएको सामाजिक सुरक्षा भत्ता फिर्ता भएको प्रमाण पेश गर्नुपर्ने रु.

| क स | नाम | बैक खाता नम्बर | किस्ता | रकम | दोहोरो रकम |
|---|---|---|---|---|---|
| 1. | Nausari Sharki | 1060171137900011 | **प्रथम** | 7980 | ७९८० |
| 2. | Nausari Sarki | 1060171137900011 | | 7980 | |
| 3. | Harina Bhul | 1060174012000011 | | 1596 | १५९६ |
| 4. | Harina Bhul | 1060174012000011 | | 1596 | |
| 5. | Dev Bahadur khadka | 1060176626800018 | | 12000 | १२००० |
| 6. | dev Khadka | 1060176626800018 | | 12000 | |
| 7. | Rohit Nepali | 1060186605900011 | | 1596 | १५९६ |
| 8. | Rohit Nepali | 1060186605900011 | | 1596 | |
| 9. | Nanda Bhul | 1060171131400012 | **दोस्रो** | 12000 | १२००० |
| 10. | Nanna Bhul | 1060171131400012 | | 7980 | |
| 11. | Sahil Nepali | 1060182238600014 | | 1596 | १५९६ |
| 12. | Sahil Nepali | 1060182238600014 | | 1596 | |
| 13. | Anamol Jethara | 1060182247000010 | | 1596 | १५९६ |
| 14. | Anmol Jethara | 1060182247000010 | | 1596 | |

| | | | | | |
|---|---|---|---|---|---|
| 15. | Durga Kumari Kunwar | 1060182261700019 | | 1596 | १५९६ |
| 16. | durga Bahadur Kunwar | 1060182261700019 | | 1596 | |
| 17. | Prerasa Bhul | 1060182289300017 | | 1596 | १५९६ |
| 18. | Presa Bhul | 1060182289300017 | | 1596 | |
| 19. | Rohit Nepali | 1060186605900011 | | 1596 | १५९६ |
| 20. | Rohit Nepali | 1060186605900011 | | 1596 | |
| 21. | Nanda Bhul | 1060171131400012 | तेस्रो | 12000 | १२००० |
| 22. | Nanna Bhul | 1060171131400012 | | 7980 | |
| 23. | Teku Kumari Kuwar | 1060174125100011 | | 1596 | १५९६ |
| 24. | tek kumari Badaila | 1060174125100011 | | 1596 | |
| 25. | Durga Kumari Kunwar | 1060182261700019 | | 1596 | १५९६ |
| 26. | durga Bahadur Kunwar | 1060182261700019 | | 1596 | |
| 27. | Rohit Nepali | 1060186605900011 | | 1596 | १५९६ |
| 28. | Rohit Nepali | 1060186605900011 | | 1596 | |
| | | | | | ५९९६० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५९,९६० |

२३.३ **अनुगमन तथा निरीक्षण -** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७७ को दफा २७ (३) अनुसार गाउँ कार्यपालिका अध्यक्ष वा नगर कार्यपालिकाका प्रमुखले वा स्थानीय तहका प्रमुख प्रशासकिय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था भएकोमा यस पालिकाले सो कार्य गरेको पाइएन । यस तर्फ पालिका क्रियाशिल हुनुपर्ने देखिन्छ ।

२३.४ **निष्कृय खाता-** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को अनुसूची ८ मा स्थानीय तह र बैंकबीच हुने सम्झौतापत्रको दफा ६ मा पालिकाबाट प्राप्त रकम लाभग्राहीको खातामा बैंकले जम्मा गरी प्रत्येक खातामा जम्मा भएको रकम देखिने विवरण सहित बाँकी रकम भए पालिकालाई उपलव्ध गराउनुपर्ने, कुनै लाभग्राहीको लगत कट्टा भएमा लगत कट्टा भएको मिति र पाउने रकम समेतको जानकारी पालिकाले तत्काल बैंकलाई उपलव्ध गराउनुपर्ने र सो जानकारी प्राप्त भएपछि बैंकले लगत कट्टा भएको लाभग्राहीको उक्त मिति पछिको रकम पालिकामा फिर्ता पठाउने तथा बैंकले निष्कृय खाताको विवरण प्रत्येक साउन र माघ महिनाभित्र पालिकालाई दिनुपर्ने व्यवस्था छ । पालिकाले सामाजिक सुरक्षा भत्तालाई पेश्की जनाई प्रथम किस्ताको पेश्की फछ्र्यौटभएपश्चात दोस्रो र दोस्रो किस्ता फछ्र्यौट गरी तेस्रो किस्ता र तेस्रो किस्ता फछ्र्यौट भएपश्चात चौथौ निकासा दिई फछ्र्यौट गर्नुपर्नेमा बैङ्कलाई निकासा दिएको रकम सोझै खर्च जनाएको छ । सोझै खर्च जनाई सामाजिक सुरक्षा वितरण गर्दा वितरण नभई बाँकी रहेको रकम बैङ्कमा नै रहन सक्ने हुदाँ पेश्की जनाई वितरण भए नभएको एकिन गरी बाँकी रकम फिर्ता गर्नुपर्दछ।

## २४ उपभोक्ता मार्फत कार्य

२४.१ **गुणस्तर परीक्षण-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९(२) मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण समेत छुट्टै आईटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने र नियम ११(१०) मा गुणस्तर परीक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले गराएका निर्माण कार्यको लागत अनुमानमा गुणस्तर परीक्षण आईटम समावेश नगरेको, ठेक्काद्वारा गरिने निर्माण कार्यको लागत अनुमानमा गुणस्तर परीक्षणको आईटम समावेश गरिएकोमा खर्च दावी नभएको र उपभोक्ता मार्फत वा निर्माण व्यवसायी मार्फत हुने निर्माण कार्यमा प्रयोग भएका निर्माण सामग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण हुने गरेको देखिएन। नियममा भएको व्यवस्था अनुरुप निर्माण कार्यमा प्रयोग हुने निर्माण सामग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण गरी निर्माण गुणस्तरीय भएको सुनिश्चत हुनुपर्दछ।

२४.२ **खरिद कारवाहीको अभिलेख-** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १४९ (१) अनुसार सार्वजिनक निकायले हरेक खरिद कारबाहीको निम्ति छुट्टै फाईल खडा गरी उपनियम २ ले तोके बमोजिमका कागजातहरु सहित अद्यावधिक अभिलेख राख्नु पर्ने र उपनियम ३ मा यस्तो अभिलेख खरिद कारबाही टुङ्गो लागेको सात वर्ष सुरक्षित राख्नु पर्ने व्यवस्था छ । कार्यालयले बोलपत्र र सिलबन्दी दरभाउपत्रबाट भएका खरिद कारवाहीका लागी फाईल खडा गरेको भएता पनि खरिद नियमावलीले तोके बमोजिमका सबै कागजातहरु सिलसिलेबार मिलाएर उक्त फाईलमा राखेको देखिएन । साथै ठेक्का सम्बन्धी गौश्वार लगत (म.ले.प.फा.नं.५०७) समेत तयार गरी राखेको पाइएन । सबै खरिद कारवाहीको अद्यावधिक अभिलेख राखी खरिद कारवाहीलाई प्रभावकारी बनाउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ।

२४.३ **प्राविधिक बिल र कार्य सम्पन्न-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरूबाट सञ्चालित योजनाको ठेक्का बिलहरूमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाइएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ।

२४.४ **जटिलसंरचना निर्माण** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, सडक पुल निर्माण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो। यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ।

**२५** **उपभोक्ता समितिलाई ओभरहेड** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) वमोजिम उपभोक्ता समितिलाई भुक्तानी गर्दा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टेन्जेन्सी तथा जनसहभागिता रकम घटाई वाँकी रकम भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले तपशिल वमोजिमको उपभोक्ता समितिले गरेको निर्माण

कार्यमा १५ प्रतिशत ओभरहेड जोडेर लागत अनुमान वनाई भुक्तानी दिएको देखिएकोले उक्त रकम असुल गर्नुपर्ने रु.

| गोभौनं./मिति | उपभोक्ता समिति | विवरण | लागत अनुमान ओभरहेड समेत | लागत अनुमान ओभरहेड वाहेक | बढी दर | परिमाण | वढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| ९३-०७९।१२।२१ | मतिकला मन्दिर पर्खाल निर्माण उ स | 12.5mm thick plaster 1.6 cement sand motor inner & outer | ४५३ | ३९३ | ६० | ६०.९६ | ३६५७ |
| १०६-०७९।१२।२६ | पिपल चौतारा निर्माण तरबार | Pcc work 1:3:6 for surface level | १५३६४ | १३३६० | २००४ | ४.३२ | ८६५७ |
| | **जम्मा** | | | | | | १२३१४ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १२,३१४ |

## २६ एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम

२६.१ एकिकृत पूर्वाधार विकास कार्यक्रम अन्तर्गत १० शैय्याको अस्पताल भवन निर्माण कार्यका लागि ठेक्का नं.८-०७७।७८ निर्माण व्यवसायी के.एस/तेडी/मनिलेक जे.भी. सँग २०७९।६।२३ भित्र कार्य सम्पन्न गर्नेगरी २०७८।३।२३ मा रु.८,१५,८५,७८३।४१ को सम्झौता भई आर्थिक वर्ष २०७८।७९ मा प्रथम रनिङ्ग बिल बापत रु.४९,८१,२३४।४४ भुक्तानी भएको देखियो । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्।

२६.२ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२क मा सार्वजनिक निकायले खरिद सम्झौता पश्चात निर्माण व्यवसायीबाट अग्रीम बैंक जमानत लिई खरिद सम्झौता रकमको २० प्रतिशत नबढ्ने गरी पेश्की दिन सक्ने, पेश्की रकम कुन प्रयोजनमा खर्च भएको हो सोको विवरण अद्यावधिक गरी सम्बन्धित सार्वजनिक निकायलाई तोकिएबमोजिम बुझाउनुपर्ने र पेश्की सम्बन्धित काममा प्रयोग भएको नपाइएमा अग्रीम बैंक जमानत जफत हुने व्यवस्था छ ।त्यसैगरी १० शैय्या अस्पताल भवन निर्माण कार्यका निर्माण व्यवसायी के.एस/तेडी/मनिलेक जे.भी. सँग भएको सम्झौताको विशेष शर्तको बुँदा नं.५७.३ मा सम्झौताको ३० प्रतिशत कार्य भईसकेपश्चात ४० प्रतिशतका दरले प्रत्येक आइपिसिबाट मोबिलाईजेशन पेश्की कट्टा गरी ८० प्रतिशत समयावधिभित्र पुरै पेश्की रकम कट्टा गर्नुपर्ने उल्लेख छ । पालिकाले आ.व.२०७७।७८ मा प्रथम किस्ताबापत

रु.६९६३७६५।— र आ.व.२०७८।७९ मा दोस्रो किस्ताबापत रु.७००००००।— गरी रु.१३९६३७६५।— मोबिलाईजेशन पेश्की उपलब्ध गराएकोमा निर्माण कार्य सुचारु नगरेका कारण पेश्की फछ्र्यौट हुन सकेको छैन । पालिकाले उक्त पेश्की रकम उपयोगको अद्यावधिक विवरण माग गरी अनुगमन गरेको छैन । निर्माण कार्यको पेश्की रकम उपयोगको अनुगमन गरी पेश्की बाँकी रकम नियमानुसार असुल फछ्र्यौट गर्नुपर्दछ।

२६.३ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० मा सार्वजनिक खरिद ऐनको दफा ५६ अनुसारको अवस्था परी खरिद सम्झौतानुसारको कार्य सम्झौताको अवधिभित्र पुरा हुन नसकिने भएमा खरिद सम्झौताको अवधि थप गर्न सकिने व्यवस्था छ । पालिकाले १० शैय्या अस्पताल भवन निर्माण कार्य १५ महिनाभित्र पुरा गर्ने गरी सम्झौता भएकोमा आर्थिक वर्ष २०७९।८० एवं लेखापरीक्षणको अवधिसम्म कुनै कार्य भएको एवं भुक्तानी भएको छैन। ६.१ प्रतिशत वित्तिय प्रगति भएको उक्त निर्माण कार्यको निर्माण व्यवसायीले २०७९।६।२ मा वर्षात, चाडपर्व, स्थानीय निर्वाचन लगायत विभिन्न कारण देखाई १२ महिनाको म्याद थप माग गरेकोमा प्रथम पटक २०८०।३।२३ सम्म म्याद थप भएको र पुनः २०८०।४।१ मा नेपाल सरकारको २०८०।३।२१ को सार्वजनिक खरिद सम्बन्धी बाधा अड्काउ फुकाउ आदेशको निर्णयानुसार म्याद थपको माग गरेकोमा २०८१।३।२३ सम्म दोस्रोपटक म्याद थप गरेको देखियो। शुरु सम्झौताको १४० प्रतिशत अवधि थप भएकोमा उक्त थप अवधिको ६६.६७ प्रतिशत अवधि व्यतित हुँदासम्म निर्माण कार्यको भौतिक एवं वित्तिय प्रगति यथावत रहेकोले पटक पटक म्याद थप गर्नुको औचित्यता देखिएन। पालिकाले न्यून प्रगति भएको एवं कार्य सूचारु नगरेको सम्बन्धमा पटक पटक लिखित जवाफ माग गरेकोमा निर्माण व्यवसायीले कार्य सूचारु गर्ने प्रतिबद्धता जनाएतापनि निर्माणस्थलमा जनशक्ति परिचालन गरी कार्य अगाडि बढाएको छैन। जसबाट यस निर्माण कार्यका लागि विनियोजित रकम रु.६० लाख खर्च हुन नसकी एकिकृत स्वास्थ्य पूर्वाधार कार्यक्रममा शून्य प्रगति भएको देखियो। सम्झौतानुसारको कार्य बाँकी म्यादभित्र पुरा गर्ने गरी कार्य गर्न गराउन सम्बद्ध पक्षले ध्यान दिनुपर्दछ।

२६.४ **बढी भुक्तानी-** शहरी विकास तथा भवन निर्माण विभागको स्वीकृत नर्म्स अनुसार आरसीसी कार्यका लागि फलामे डण्डी काट्ने, मोड्ने, बाँध्ने लगायतका कार्यका लागि १ मेट्रिक टन कार्यको लागि १.०५ मेट्रिक फलामे डण्डी खपत हुने उल्लेख छ। पालिकाले समपुरक योजना अन्तर्गतको ठेक्का नं.१-२०७९।८० सरस्वती मा.वि. को छात्रावास भवन निर्माण कार्यका लागि अग्नि शिखा निर्माण सेवासँग २०७९।११।१४ मा २०८०।३।२० भित्र कार्य सम्पन्न गर्ने गरी रु.७४४२१५५।२९ को सम्झौता गरेकोमा यस वर्ष तेस्रो रनिङ्ग बिलसम्म रु.५२०५३९३।९० को कार्य भई भुक्तानी भएको देखियो। सम्झौतानुसार कार्य सम्पन्न हुन नसकेका कारण २०८१।३।२० सम्म म्याद थप भएको उक्त निर्माण कार्यको Steel reinforcement for RCC work को दररेट विष्लेषण गर्दा सोही अनुसार दररेट निर्धारण गरेकोमा तेस्रो रनिङ्ग बिल भुक्तानी गर्दा संलग्न नापी किताब अनुसार वास्तविक कार्य परिमाण १२३९२.२७ के.जी. भएकोमा पुनः वेस्टेज बापत १२३.९२ के.जी. परिमाण थप गरी १२५१६.१९ के.जी.को प्रति के.जी. रु.१०३.६८ का दरले भुक्तानी भएको देखियो। अतः दररेटमा नै समावेश गरिएको परिमाण पुनः नापी किताबमा थप गरी भुक्तानी गरेका कारण १२३.९२ के.जी. को प्रति के.जी. १०३.६८ का दरले दोहोरो भुक्तानी भएको रकम रु.१२८४८.०३ मूल्य अभिवृद्धि कर सहित असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १४,५१८ |

२६.५ सार्वजनिक खरिद नियमावलीको नियम १२०(१) मा खरिद सम्झौताको म्याद थपका लागि म्याद सकिनु २१ दिन अगावै कारण खुलाई निर्धारित अवधिको कार्यसम्पादन जमानत, पेश्की जमानत र बिमा लगायत आवश्यक

प्रमाण कागजात संलग्न गरी सार्वजनिक निकायमा निवेदन दिनुपर्ने व्यवस्था छ । पालिकाले १० शैय्या अस्पताल भवन निर्माण कार्यको सम्झौता अवधि २०८१।३।२३ सम्म थप गरेकोमा उक्त निर्माण कार्यको कार्य सम्पादन जमानत र बिमाको म्याद त्रुटि सच्चाउने अवधिसमेत कम्तीमा २०८२।४।२३ सम्मको हुनुपर्नेमा कार्यसम्पादन जमानत (सनराइज बैंकः SR009-PB-039121: रु.११८९४२३०।-) को म्याद २०८१।५।३१ सम्म र बिमाको म्याद २०८०।७।२८ सम्म मात्र कायम रहेको देखियो। नियमावलीको व्यवस्थानुसार त्रुटि सच्चाउने अवधिसमेत खाम्ने गरी कार्यसम्पादन जमानत र बिमाको अवधि थप भएको प्रमाण पेश हुनुपर्दछ ।

२७ **फ्रिज प्रयोग-** गरिब तथा विपन्न परिवारका लागि दुग्ध तथा मासु प्रवर्द्धन नमूना पशुपालन कार्यक्रम सञ्चालन कार्यविधि २०७९ अनुसार डेरी व्यवस्थापन कार्यका लागि पालिकाले गो.भौ.नं.५२-२०८०।३।२४ बाट ५५० लिटर क्षमताको सिजि डी फ्रिज ३ थान खरिद गरी न्यू मनिषा इलेक्ट्रोनिक्स एण्ड सप्लायर्सलाई रु.३३३९१५।— भुक्तानी गरेको देखियो। उक्त डि फ्रिजहरु अनुदानग्राही पशुपालन समूहमा हस्तान्तरण गरी डेरी व्यवस्थापन हुनुपर्नेमा लेखापरीक्षणको समयसम्म पालिकाको जिन्सी मौज्दातमै रहेको देखियो ।लक्षियत समूहमा डि फ्रिज हस्तान्तरण गरी डेरी व्यवस्थापनमा उपयोग हुनुपर्दछ।

२८ **सुरक्षित नागरिक आवास कार्यक्रम-** सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ अनुसार पहिलो किस्ता ६० प्रतिशत उपलव्ध गराउने सो रकम जस्तापाता र काठ लगायतका सामग्री खरिद गरी निर्माण कार्य अघि वढाउन खर्च गर्नुपर्ने र पहिलो किस्ताको रकमवाट सामग्री खरिद गरी स्थानीयतहको प्राविधिकवाट प्राविधिक प्रतिवेदन सहितको सिफारिसको आधारमा लाभग्राहीलाइ दोश्रो तथा अन्तिम किस्ता वापत ४० प्रतिशत अनुदान उपलव्ध गराइने व्यवस्था छ। सोही कार्यविधिको बुँदा नं ७ मा सम्झौता भएको ३ महिनाभित्र कार्यप्रगति हाँसिल नगरेमा अनुदान बापत उपलब्ध गराइएको रकम असुल उपर गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस कार्यक्रम अन्तर्गत २०७७।७८ मा छनौट भई प्रथम किस्ताबापत रु ३००००।— का दरले रकम भुक्तानी लिएका १४३ लाभग्राही मध्ये आर्थिक वर्ष २०७८।७९ मा १३५ लाभग्राही र यस वर्ष ७ लाभग्राही गरी १४२ लाभग्राहीले दोस्रो किस्ता बापतको रु.२०००० का दरले अनुदान लिएको देखियो। प्रथम किस्ताबापतको अनुदान लिएका लाभग्राही मध्ये वडा नं २ का खण्टी देवी कोलिले सम्झौतानुसार कार्य सम्पन्न गरी दोस्रो किस्ताबापतको रकम लिएको नदेखिएको एवं वडाको सिफारिश अनुसार निज बसाईसराई गरी अन्यत्र गएको उल्लेख भएकोले निजले प्रथम किस्ताबापत बुझेको रकम असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३०,००० |

२९ **राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम**

२९.१ ठेक्का नं. ३-२०७९।८० राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत इन्द्र माध्यमिक विद्यालयमा ४ कोठे भवन निर्माण कार्यका लागि एच एल बि कन्सट्रक्सनसँग २०७९।११।१४ मा रु.२०८०।३।२० भित्र कार्य सम्पन्न गर्ने गरी रु.४२०२२९५।९८ को सम्झौता भएकोमा यस वर्ष तेस्रो रनिङ्ग बिलसम्म रु.३४९१३३३।५४ को कार्य भई भुक्तानी भएको देखियो। सम्झौतानुसार कार्य सम्पन्न हुन नसकी २०८१।३।२० सम्म म्याद थप भएको उक्त अधुरो निर्माण कार्य समयमा पुरा हुन नसकेको कारण

पालिकालाई थप व्ययभार पर्ने देखियो। उक्त अधुरो निर्माण कार्य सम्पन्न गरी सोको कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्दछ ।

---

२९.२ **एज बिल्ट नक्शा-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ अनुसार निर्माण कार्य सम्पन्न भएको ३० दिनभित्र निर्माण भएबमोजिमको एज विल्ट नक्शा पेश गर्नुपर्ने एवं निर्माण व्यवसायीसँग भएको सम्झौताको विशेष शर्तमा कार्य सम्पन्न भएपश्चात एज बिल्ट नक्शा पेश गर्नुपर्ने उल्लेख छ। यस वर्ष निर्माण सम्पन्न भएका निम्नानुसार निर्माण कार्यको निर्माण व्यवसायीले सम्झौताबमोजिम एज विल्ट नक्शा पेश गरेको देखिएन। सार्वजनिक खरिद नियमावली एवं सम्झौताको व्यवस्थानुसार एज विल्ट नक्शा पेश गर्नुपर्दछ।

| ठेक्का नं. | निर्माण कार्य | कैफियत |
|---|---|---|
| २-०७८।७९ टि बि इन्जिनियरिङ्ग कन्सल्टेन्सी एण्ड कन्सट्रक्सन कम्पनी | वडा नं. ५ प्रशासनिक भवन निर्माण | रोक्का राख्नुपर्ने रकम उल्लेख नभएको |
| -०७८।७९ | वडा नं. ३ प्रशासनिक भवन निर्माण | रोक्का राख्नुपर्ने रकम उल्लेख नभएको |
| ११-०७८।७९आर आर कन्सट्रक्सन | ४ कोठे भवन निर्माण सीताराम आधारभूत विद्यालय | रोक्का राख्नुपर्ने रकम उल्लेख नभएको |

---

२९.३ **बिमा नगराएको-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा रु. २० लाखभन्दा बढीको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण कार्यमा प्रयोग हुने सामग्री, मेशिनरी औजार लगायत त्रूटि सच्चाउने अवधिसम्मको निर्माण कार्यको तोकिएबमोजिम बीमा गराउनुपर्ने व्यवस्था छ। त्यसैगरी निर्माण व्यवसायीसँग भएको सम्झौताको बिशेष शर्तको बुँदा नं. १९.१मा तोकिएबमोजिम बिमा गर्नुपर्ने उल्लेख छ ।पालिकाले यस वर्ष निम्न निर्माण व्यवसायीबाट निर्माण कार्य गराएकोमा सोको बीमा गरेको देखिएन। नियमावली एवं सम्झौताको शर्तबमोजिम बीमा गराएर मात्र निर्माण कार्य गराउनुपर्दछ।

| विवरण | सम्झौता रकम | हालसम्मको भुक्तानी रकम | कैफियत |
|---|---|---|---|
| इन्द्र माध्यमिक विद्यालय ४ कोठे भवन निर्माण: एच एल बि कन्सट्रक्सन | ४२०२२९५।- | ३४९१३३३।५४ | |
| सरस्वती मा.वि.छात्रावास भवन निर्माण: अग्नि शिखा निर्माण सेवा | ७४४२१५५।२९ | ५२०५३९३।९० | |
| बुहारदेखि अमसैन सडक निर्माण: घटाल कन्सट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | ७२४३१७९।०२ | २२२७६३०।२२ | बिमाबापत पिएसमा रु.७९६२८।७४ व्यवस्था गरेको |

---

२९.४ **नापीबेगर भुक्तानी-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सार्वजनिक निकायले बिल विजकको रकम भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ । ठे.नं.७-०७९।८० बुहारदेखि अमसैन सडक निर्माण कार्यका लागि निर्माण व्यवसायी घटाल कन्सट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. सँग २०८०।२।१९ मा २०८०।३।२० भित्र कार्य सम्पन्न गर्ने गरी रु.७२४३१७९।०२ को सम्झौता भएकोमा प्रथम बिलबापत रु.२२२७६३०।२२ को कार्य भई भुक्तानी भएको देखियो । सम्झौतानुसार कार्य सम्पन्न हुन नसकेका कारण २०८१।९।२० सम्म म्याद थप भएको उक्त निर्माण कार्यको प्रथम रनिङ्ग बिल भुक्तानी गर्दा Providing, laying, spreading & compaction embankment कार्यको ३३३.३९ घनमिटर कार्यको रु.३० का दरले भुक्तानी भएकोमा उक्त कार्यको नापजाँच गरेको नापि किताब पेश नभएकोले नापी बेगरको भुक्तानी मूल्य अभिवृद्धि कर सहित असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ११,३०२ |

## ३० गाउँपालिका मूख्य प्रशासनिक भवन निर्माण

३०.१ **बढी भुक्तानी-** शहरी विकास तथा भवन निर्माण विभागको स्वीकृत नर्म्स अनुसार आरसीसी कार्यका लागि फलामे डण्डी काट्ने, मोड्ने, बाँध्ने लगायतका कार्यका लागि १ मेट्रिक टन कार्यको लागि १.०५ मेट्रिक फलामे डण्डी खपत हुने उल्लेख छ।पालिकाले स्थानीय पूर्वाधार विकास कार्यक्रम अन्तर्गत ठेक्का नं.१२-२०७८।७९ गाउँपालिकाको मूख्य प्रशासनिक भवन निर्माण कार्यका लागि गोरखा किनारा जे.भी.सँग २०७९।४।२६ मा २०८१।१०।२६ भित्र कार्य सम्पन्न गर्ने गरी रु.८१८४२४६६।११ को सम्झौता गरेकोमा यस वर्ष तेस्रो रनिङ्ग बिलसम्म रु.१२७५७६६५।७५ को कार्य भई भुक्तानी भएको देखियो। उक्त निर्माण कार्यको Providing, laying, fixing & bending reinforcement work को दररेट विष्लेषण गर्दा सोही अनुसार दररेट निर्धारण गरेकोमा तेस्रो रनिङ्ग बिल भुक्तानी गर्दा संलग्न नापी किताब अनुसार वास्तविक कार्य परिमाण ९८१३.६०२ के.जी. भएकोमा पुनः वेस्टेज बापत ४९०.६८ के.जी. परिमाण थप गरी १०३०४.२८२ के.जी.को प्रति के.जी. रु.१७० का दरले भुक्तानी भएको देखियो।अतः दररेटमा नै समावेश गरिएको परिमाण पुनः नापी किताबमा थप गरी भुक्तानी गरेका कारण ४९०.६८ के.जी. को प्रति के.जी. १७० का दरले दोहोरो भुक्तानी भएको रकम रु.८३४१५.६० मूल्य अभिवृद्धि कर सहित असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९४,२६० |

३०.२ **भेरियशन-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौताका वखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाइ भेरिएसन आदेश जारी गर्नसक्ने व्यवस्था छ।पालिकाले ठेक्का नं.१२-२०७८।७९ गाउँपालिकाको मूख्य प्रशासनिक भवन निर्माण कार्यका लागि गोरखा किनारा जे.भी.सँग २०७९।४।२६ मा २०८१।१०।२६ भित्र कार्य सम्पन्न गर्ने गरी रु.८१८४२४६६।११ को सम्झौता गरेकोमा यस वर्ष तेस्रो रनिङ्ग बिलसम्म रु.१२७५७६६५।७५ को कार्य भई भुक्तानी गरेकोमा आइटम नं.४ Retaining wall works (M20 concrete) कार्यको बिल अफ क्वान्टिटीमा ९९.७४ घनमीटर उल्लेख भएकोमा तेस्रो रनिङ्ग बिलसम्म १४२.५६ घनमीटरको प्रति घनमिटर रु.१७५०० का दरले भुक्तानी भएको देखियो ।अतः बिल अफ क्वान्टिटीमा उल्लिखित परिमाण भन्दा ४४.८२ घनमिटर बढी परिमाणमा भुक्तानी दिएकोमा भेरिएशन आदेश जारी नगरी भुक्तानी दिएको नियमसङ्गत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ७,८४,३५० |

## ३१ विशेष अनुदान कार्यक्रम

३१.१ आर्थिक कार्यविधि तथा वितिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा खर्चको पुष्ट्याई हुने प्रमाण कागजात संलग्न गरी खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकाले गो.भौ.नं.५०-२०८०।३।२४ बाट काफ्ली भैसीपालन समूहलाई ५० प्रतिशत अनुदानमा १० स्थानीय भैसी खरिद ढुवानी एवं व्यवस्थापन बापत रु.५८५८९०।— अनुदान भुक्तानी गर्दा संलग्न ढुवानी भरपाई अनुसार से.१झ ६०२ सवारीका चालक नरेन्द्र रावतले समूहका अध्यक्ष सहदेव धामीबाट भैसी ढुवानी रु.३० हजार बुझिलिएकोमा रु.६० हजार खर्च लेखेको देखियो । ढुवानीमा शत प्रतिशत अनुदान दिएकोमा संलग्न भरपाईभन्दा बढी खर्च लेखेको करबाहेकको रकम असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २७,००० |

३१.२ विशेष अनुदान अन्तर्गत गरिब तथा विपन्न परिवारका लागि दुग्ध तथा मासु प्रवर्द्धन नमूना पशुपालन कार्यक्रमका लागि पालिकालाई रु.१ करोड विनियोजन भएकोमा पालिकाको २०८०।३।८ को निर्णयानुसार भैसीपालनका लागि ४ समूह र कुखुरापालनका लागि २ समूह छनौट भएतापनि भैसीपालनका लागि ३ समूहले कार्यक्रमबाट अनुदान लिएको देखियो ।यस कार्यक्रममा यस वर्ष रु.३३७३९०५।— खर्च भएकोमा देखिएका व्यहोरा निम्नानुसार छन।

३१.३ गरिब तथा विपन्न परिवारका लागि दुग्ध तथा मासु प्रवर्द्धन नमूना पशुपालन कार्यक्रम सञ्चालन कार्यविधि २०७९ को बुँदा नं १३(१४) मा अनुदान उपयोगको प्रगतिको अवस्था र कार्यविधि बमोजिमका शर्त पालनाका सम्बन्धमा नियमित अनुगमन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले अनुदानको उपयोग र उपलब्धिको निरन्तर अनुगमन गरेको देखिएन।

३१.४ गरिब तथा विपन्न परिवारका लागि दुग्ध तथा मासु प्रवर्द्धन नमूना पशुपालन कार्यक्रम सञ्चालन कार्यविधि २०७९ को बुँदा नं १३(६) मा अन्तिम भुक्तानी माग गर्दा कृषक समुहले बैंक खाताको विवरण सहितको स्टेटमेन्टको प्रतिलिपि पेश गर्नुपर्ने व्यवस्था छ ।पालिकाबाट भैसीपालनका लागि प्रगतिशील, मष्टा र काफ्ली भैसीपालन समूहले ५० प्रतिशत अनुदानमा ३२ स्थानीय भैसी र शतप्रतिशत अनुदानमा ४ मुर्रा साढे खरिद एवं ढुवानीबापत रु.३९८५८९०।— बिलभरपाइका आधारमा रु.२३५०८९०।— अनुदान लिएको देखियो । अन्तिम भुक्तानी माग गर्दा समुहले बैंक स्टेटमेन्टको प्रतिलिपि पेश नगरेको कारण समूहले सम्बन्धितलाई गरेको भुक्तानीको यथार्थता यकिन हुन सकेन । कार्यविधिमा तोकिएबमोजिम बैंक स्टेटमेन्टको प्रतिलिपि लिई अनुदानग्राही समूहको यथार्थ भुक्तानीका आधारमा अनुदान रकम प्रदान गर्नुपर्दछ ।

३१.५ आर्थिक कार्यविधि तथा वितिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा खर्चको पुष्ट्याई हुने प्रमाण कागजात संलग्न गरी खर्च लेख्नुपर्ने व्यवस्था छ ।पालिकाले गो.भौ.नं.५३-२०८०।३।२४ बाट टेकराज ओझालाई रु.१९०००० हजार भुक्तानी दिएकोमा सोको पुष्ट्याई हुने प्रमाण कागजात संलग्न गरेको देखिएन। अतः पुष्ट्याई बेगरको खर्चको प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,९०,००० |

३२ **म्याद थप बेगर भुक्तानी-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण व्यवसायीको ढिलाइका कारण सम्झौता बमोजिमको कार्य सम्झौतामा उल्लिखित अवधिभित्र सम्पन्न हुन नसकेमा सम्झौता रकमको १० प्रतिशतमा नबढ्ने गरी प्रतिदिन सम्झौता रकमको ०.०५ प्रतिशतका दरले पूर्वनिर्धारित क्षतिपूर्ति

असुल गर्नुपर्ने उल्लेख छ ।ठेक्का नं.११-०७८।७९ सिताराम आधारभूत विद्यालयमा ४ कोठे भवन निर्माण कार्यका लागि निर्माण व्यवसायी आर आर कन्सट्रक्सनसँग २०७८।१।५ मा २०७९।३।२५ भित्र कार्य सम्पन्न गर्ने गरी रु.४१००७९६।४० (मूल्य अभिवृद्धि करबाहेक) को सम्झौता भएकोमा निर्धारित अवधिभित्र कार्य सम्पन्न हुन नसकी २०७९।६।२५ सम्म म्याद थप भएको देखियो ।सो पश्चात निर्माण व्यवसायीले २०७९।११।२५ सम्म म्याद थपको लागि निवेदन पेश गरेतापनि पालिकाबाट पुनः म्याद थप भएको देखिएन। पालिकाले रु.४०६४५१५।२६ (मूल्य अभिवृद्धि करबाहेक) कार्य स्वीकार गरी २०७९।११।१ को नापजाँचका आधारमा अन्तिम बिल बापत गो.भौ.नं. ४४-२०७९।११।१० बाट रु.९५८८०७।११ भुक्तानी गरेको देखियो ।पालिकाले म्याद थप वेगर भुक्तानी गर्दा सार्वजनिक खरिद नियमावलीको नियम १२१ को व्यवस्थानुसार प्रतिदिन ०.०५ प्रतिशतका दरले १२४ दिनको पूर्वनिर्धारित क्षतिपूर्तिबापतको रकम कट्टा गरी भुक्तानी दिएको नदेखिएकोले उक्त रकम असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,५४,२४९ |

३३ **पुष्ट्याई बेगरको खर्च-**

~~~~ ....... (मिति **२०८०-१२-२४** मा **यज्ञ बहादुर रावल** को **५,१००** सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको)

३४ **योजना छनौट एवं कार्यान्वयन-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले योजना छनौट गर्दा मध्यम एवं दीर्घकालीन प्रकृतिका दिगो विकासमा योगदान हुने, जनताको जीवनस्तर र रोजगारी वृद्धिमा सहयोग पुग्ने उत्पादनमूलक एवं छिटो प्रतिफल प्राप्त गर्न सकिने योजनालाई प्राथमिकता दिनुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष पूँजीगत बजेटबाट थान एवं मन्दिर निर्माण तथा मर्मत, भडार निर्माण, पाइप वितरण, तारजाली वितरण, जस्तापाता वितरण लगायतका वितरणमूखी एवं अनुत्पादक योजना छनौट गरी खर्च गरेको उपयुक्त देखिएन। यस्ता योजना छनौट गर्ने कार्यमा नियन्त्रण गरी उपलब्ध सिमित स्रोत साधनको उपयोगबाट दिगो विकासमा योगदान पुग्ने रोजगारीमूलक एवं उन्पादनमूलक योजना प्राथमिकतामा राखी बजेट खर्च गर्नुपर्दछ।

---

३५ **पेश्की रकम जोखिममा-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(६) मा निर्माण व्यवसायीले खरिद सम्झौताबमोजिमको काम सम्झौतामा उल्लिखित समयावधिभित्र सम्पन्न नगरेका कारण पेश्की फछ्र्यौंट हुन नसकेमा सार्वजनिक निकायले बैंक जमानतको रकम सम्बन्धित बैंकबाट प्राप्त गरी पेश्की फछ्र्यौंट गर्नुपर्ने र निजबाट त्यस्तो पेश्की रकमको सयकडा १० प्रतिशतका दरले ब्याजसमेत असुल उपर गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्न निर्माण कार्यका लागि निर्माण व्यवसायी जय श्री बालाजी निर्माण सेवासँग देहायबमोजिम सम्झौता गरेकोमा लेखापरीक्षणको अवधिसम्म निर्माण व्यवसायी सम्पर्कमा नआएको, सम्झौतानुसार कार्य शुरु समेत नगरेको एवं पालिकाले पेश्की उपलब्ध गराएकोमा कार्य हुन नसकेका अवस्थामा अग्रीम बैंक जमानत जफत नगरेको एवं जमानतको म्याद थप समेत नभएकोले उक्त पेश्की रकम जोखिममा परेको देखियो ।सार्वजनिक खरिद नियमावलीको व्यवस्थानुसार उक्त पेश्की रकम ब्याजसहित सरकारी बाँकी सरह असुल फछ्र्यौंट गर्नुपर्ने रु.
~~~~

| ठेक्का नं. | विवरण | सम्झौता रकममूल्य अभिवृद्धि करबाहेक | सम्झौता अवधि थपसमेत | पेश्की रकम | पेश्की जमानतको म्याद | कैफियत |
|---|---|---|---|---|---|---|
| ३-२०७६।७७ | भूमिगत खानेपानी आयोजना निर्माण वडा नं ३ मारकोट | ४५१६०२९ | २०७७।१।२४देखि ऐ.९।३० सम्म | ७९७८०० | २०७७।९।२९ | हालसम्म शून्य कार्यप्रगति |
| ४-२०७६।७७ | भूमिगत खानेपानी आयोजना निर्माण वडा नं ४ धामीगाउँ | ३९८९००० | २०७७।१।२४देखि ऐ.९।३० सम्म | ७९७४०० | २०७७।९।२९ | हालसम्म शून्य कार्यप्रगति |
| | | | | १५९५२०० | | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १५,९५,२०० |

३६ **फरक दररेट प्रयोग-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक नियकायले स्वीकृत नर्म्स एवं जिल्ला दररेटको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ ।डोटी जिल्लाको जिल्ला दररेट निर्धारण गर्दा सडक निर्माणका लागि सबै किसिमको माटो कटिङ्ग गर्दा प्रयोग हुने दररेट सडक विभागको नर्म्स एवं सडक डिभिजन डोटीले निर्धारण गरेको दररेट अनुसार हुनेगरी कार्य गर्ने उल्लेख गरेको देखियो।सो अनुसार उपभोक्ता समितिमार्फत सडक सम्बन्धी कार्य गराउदा सबै प्रकारको माटो खन्ने कार्यको दररेट प्रति घनमिटर रु.६४.६१ हुनेमा पालिकाले प्रतिघनमिटर रु.७५ दर स्वीकृत गरी कार्य गराएको कार्य मितव्ययी देखिएन ।नमूना परीक्षण गर्दा उपभोक्ता समितिमार्फत सडक कटिङ्ग कार्य गराएका निम्न कार्यमा बढी दररेट स्वीकृत गरी कार्य गराउँदा पालिकालाई थप व्ययभार परेको देखिएको रु.

| गो.भौ.नं.,मिति | उपभोक्ता समिती | परिमाण घनमिटर | प्रयोग गरेको दररेट | हुनुपर्ने दररेट | फरक रकम |
|---|---|---|---|---|---|
| -०७९।११।२ | पिपल चौतारी बर्मा चामडेआम सलकट्टे बाटो निर्माण उ.स | ४७९४.११ | ७५ | ६४.६१ | ४९८१०.८० |

| | | | | | |
|---|---|---|---|---|---|
| १२१-०७९।१२।२८ | कापडा सडक निर्माण उ.स. | १९८८.४२ | ७५ | ६४.६१ | २०६५९.६८ |
| | जम्मा | | | | ७०४७०.४८ |

| | |
|---|---|
| अनियमित भएको | ७०,४७० |

३७ **नर्म्सको प्रयोग**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक नियकायले स्वीकृत नर्म्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ ।पालिकाले विभिन्न योजना कार्यान्वयनका लागि लागत अनुमान तयार गर्दा सम्बन्धित विभागद्वारा स्वीकृत नर्म्सको आधारमा दररेट विष्लेषण गरी लागत अनुमान तयार गरी कार्य गराउनु पर्नेमा अधिकांश कार्यमा शहरी विकास तथा भवन निर्माण विभाग एवं डोलिडारको नर्म्स प्रयोग गर्ने गरेको देखियो । डोलिडारको नर्म्समा दक्ष र अदक्ष ज्यामीको प्रयोग बढी हुने र सडक, भवन तथा सिंचाईको काममा हुने पिसिसि ढलान, ढल निर्माण र भवनको काममा मेशिनको समेत प्रयोग गरिने हुँदा ज्यामीको संख्या कम लाग्ने हुँदा यस्ता कार्यको लागत अनुमान तयार गर्दा जुन क्षेत्रको निर्माण कार्य गर्ने हो सोहि विभागबाट स्वीकृत नर्म्स प्रयोग गरी लागत अनुमान तयार गरी कार्य गराउनु पर्दछ।

३८ **सोझै खरिद-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१) मा एक पटकमा रु.१० लाख रुपैया सम्म लागत अनुमान भएको निर्माण कार्य वा मालसामान सोझै खरिद गर्न सकिने तर एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमा भन्दा बढी रकमको खरिद सोझै गर्न नहुने एवं दफा ८४ मा रु.२० लाखसम्म लागत अनुमान भएको खरिद कार्य सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ। पालिकाले निम्नानुसार रु.४४४९६४६।- बरावरको खरिद कार्य गर्दा खरिद ऐन नियममा भएको व्यवस्था पालना गरेको देखिएन। निम्नानुसार एउटै प्रकृतिको कामलाई उचित प्याकेज बनाई प्रतिस्पर्धी तवरबाट खरिद कार्य गर्नुपर्नेमा पालिकाले लागत अनुमानको हाराहारीमा सम्झौता गरी पटक पटक सोझै खरिद कार्य गरेको मितव्ययी नदेखिएको रु.

| क्र.सं. | फर्म तथा कम्पनी | कामको विवरण | रकम |
|---|---|---|---|
| १ | डिएस बिल्डर्स | ५ नं. वडा कार्यालय घेरावार र तालिम केन्द्र प्लाष्टर | ७७४४५१ |
| २ | टि बि इन्जिनियरिङ्ग कन्सल्टेन्सी एण्ड कन्सट्रक्सन | ५ नं. वडा कार्यालय घेरावार | ४७२८८१ |
| ३ | पथ प्रदर्शन कन्सट्रक्सन एण्ड सप्लायर्स | ३ नं. वडा कार्यालय घेरावार तथा रङ्गरोगन | ६५९११३ |

| | | | |
|---|---|---|---|
| ४ | जि एम कन्सट्रक्सन | ३ नं. वडा कार्यालय घेरावार तथा ग्रिल निर्माण | ४६८८५९ |
| ५ | मष्टो कन्सट्रक्सन | १ नं. वडा कार्यालय घेरावार तथा मैदान सम्याउने | ९४७२४६ |
| ५ | जीत कन्सट्रक्सन एण्ड सप्लायर्स | सरस्वती मावि ग्राउन्ड कटिङ्ग वडा नं५ | ६०६९१८ |
| ६ | भैरब शक्ति निर्माण सेवा प्रा लि | कलारै मावि ग्राउन्ड कटिङ्ग | ५२०१७८ |
| | | | ४४४९६४६ |

| | |
|---|---|
| अनियमित भएको | ४४,४९,६४६ |

## अनुसूचीहरू

अनुसूची - १

### आर्थिक कारोबारको स्थिति

आर्थिक वर्षः २०७९।८०

कार्यालय र स्थानः के.आइ.सिं गाउँपालिका, डोटी ।

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | सुरत बहादुर परियार | २०७९-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | शिवराज रेग्मी | २०७९-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| २,४१९,४८१ | ९,४७४,१५४ | २४९,९६० | ० | ० | ४००,००० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | १२,५४३,५९५ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ६२७,२६३ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ११,९१६,३३२ |

स्थानीय तह : के. आई. सिंह गाउँपालिका, डोटी

| | | | |
|---|---|---|---|
| **गत वर्षको जिम्मेवारी** | | २९६५६६३४.८७ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २८९३१७७९६.७९ | **चालु खर्च** | २४७९८२६२९.३५ |
| **प्रदेश सरकारबाट अनुदान** | ९९८४४९१.० | **पूँजीगत खर्च** | ११०२७५६९८.३६ |
| **राजश्व बाँडफाँट** | ७३८५७२४७.१ | **वित्तीय/अन्य व्यवस्था** | १४८४३९८७२.५५ |
| **आन्तरिक आय** | ३०५३४७३.० | | |
| **अन्य आय** | १३७८६५६०५.७ | | |
| **कुल आय** | ५१४०७८६१३.५९ | **कुल खर्च** | ५०६६९८२००.२६ |
| **बाँकी मौज्दात** | | ३७०३७०४८.२ | |

**बेरूजु दफा ५.१ सँग सम्बन्धित विवरण**

म ले प फारम नं. २७२

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत /सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत /सोझै भुक्तानी | जम्मा |
| प्राप्ति (क+ख) | | ४६,३०,७३,१८२.७५ | ३६,७९,७७,६८७.१३ | | ३६,७९,७७,६८७.१३ | ३६,०६,०५,०१२.७४ | | ३६,०६,०५,०१२.७४ |
| क. प्राप्ति (संचित कोषमा आम्दानी बाँधिने) | | ४५,५१,५६,००१.०० | ३५,८१,५०,८९८.३९ | ० | ३५,८१,५०,८९८.३९ | ३५,५३,२९,९८४.७१ | ० | ३५,५३,२९,९८४.७१ |
| ११०००  कर | ११ | ९,२४,७५,०००.०० | ७,३९,८७,४५०.८७ | ० | ७,३९,८७,४५०.८७ | ७,३५,३०,२२४.६२ | ० | ७,३५,३०,२२४.६२ |
| १३०००  अनुदान | | ३२,६५,४४,०००.०० | २८,१२,४०,२०८.२९ | ० | २८,१२,४०,२०८.२९ | २७,८८,०२,९९४.८७ | ० | २७,८८,०२,९९४.८७ |
| संघीय सरकार | १२ | ३१,२८,६१,०००.०० | २७,१२,५५,७१७.२९ | ० | २७,१२,५५,७१७.२९ | २६,२०,४६,४०३.९५ | ० | २६,२०,४६,४०३.९५ |
| प्रदेश सरकार | १२ | १,३६,८३,०००.०० | ९९,८४,४९१.०० | ० | ९९,८४,४९१.०० | १,६७,५६,५९०.९२ | ० | १,६७,५६,५९०.९२ |
| १४०००  अन्य राजस्व | | ५६,४१,०००.०० | २७,०६,२३९.२३ | ० | २७,०६,२३९.२३ | २४,७८,३५८.२२ | ० | २४,७८,३५८.२२ |
| १५०००  विविध प्राप्ति | | १,००,०००.०० | २,१७,०००.०० | ० | २,१७,०००.०० | ५,१८,४०७.०० | ० | ५,१८,४०७.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३२०००<br>वित्तीय सम्पत्ति | | ३,०३,९६,००१.०० | ० | ० | ० | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | ७९,१७,१८१.७५ | ९८,२६,७८८.७४ | | ९८,२६,७८८.७४ | ५२,७५,०२८.०३ | | ५२,७५,०२८.०३ |
| कोषहरु | | ७९,१७,१८१.७५ | ७५,३८,१९२.३६ | ० | ७५,३८,१९२.३६ | ३५,३२,९९९.२४ | ० | ३५,३२,९९९.२४ |
| धरौटी | | ० | २२,८८,५९६.३८ | ० | २२,८८,५९६.३८ | १७,४२,०२८.७९ | ० | १७,४२,०२८.७९ |
| भुक्तानी (ग+घ) | | ४६,३०,७३,१८२.७५ | ३६,७०,७७,१५७.१२ | | ३६,७०,७७,१५७.१२ | ३४,९३,३५,२९५.२८ | | ३४,९३,३५,२९५.२८ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ४५,५१,५६,००१.०० | ३५,८२,५८,३२७.७१ | | ३५,८२,५८,३२७.७१ | ३४,४५,७६,६२०.२८ | | ३४,४५,७६,६२०.२८ |
| २११०००<br>पारिश्रमिक / सुविधा | १८ | १४,१३,९२,०००.०० | १३,१५,८८,४६६.७६ | ० | १३,१५,८८,४६६.७६ | १०,४६,०५,८८७.१७ | ० | १०,४६,०५,८८७.१७ |
| २२०००<br>मालसामान तथा सेवाको उपयोग | १८ | १२,७४,५०,०००.०० | ९,८५,८४,५०३.७९ | ० | ९,८५,८४,५०३.७९ | १२,८५,३४,५९६.३२ | ० | १२,८५,३४,५९६.३२ |
| २५०००<br>सहायता | १८ | ९३,६४,०००.०० | ८७,३५,४३०.०० | ० | ८७,३५,४३०.०० | ४४,४१,१६५.०० | ० | ४४,४१,१६५.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| (Subsidy) | | | | | | | | |
| २७०००० सामाजिक सुरक्षा | १८ | ८२,१७,०००.०० | ७४,३८,०३५.८० | ० | ७४,३८,०३५.८० | ८०,८७,०४५.३६ | ० | ८०,८७,०४५.३६ |
| २८०००० अन्य खर्च | १८ | १७,४१,०००.०० | १६,३६,१९३.०० | ० | १६,३६,१९३.०० | १६,५५,३६०.०० | ० | १६,५५,३६०.०० |
| ३१०००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | १६,६९,९२,००१.०० | ११,०२,७५,६९८.३६ | ० | ११,०२,७५,६९८.३६ | ९,७२,५२,५६६.४३ | ० | ९,७२,५२,५६६.४३ |
| घ. अन्य भूक्तानी | | ७९,१७,१८१.७५ | ८८,१८,८२९.४१ | | ८८,१८,८२९.४१ | ३४,९३,३५,२९५.२८ | | ३४,९३,३५,२९५.२८ |
| कोषहरु | | ७९,१७,१८१.७५ | ६३,९६,५८९.६२ | ० | ६३,९६,५८९.६२ | ४३,२४,४५४.०० | ० | ४३,२४,४५४.०० |
| धरौटी | | ० | २४,२२,२३९.७९ | ० | २४,२२,२३९.७९ | ४,३४,२२१.०० | ० | ४,३४,२२१.०० |
| ङ. यो वर्षको बचत (न्युन) | | | ९,००,५३०.०१ | | ९,००,५३०.०१ | १,१२,६९,७१७.४६ | | १,१२,६९,७१७.४६ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ३,६०,२९,०८८.९८ | | ३,६०,२९,०८८.९८ | २,४७,५९,३७१.४१ | | २,४७,५९,३७१.४१ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| वर्षान्त को बाकी रकम (ङ + च) | | | ३,६९,२९,६१८.९९ | | ३,६९,२९,६१८.९९ | ३,६०,२९,०८८.८७ | | ३,६०,२९,०८८.८७ |
| बैंक तथा नगद बाकी | २४ | | ३,६९,२९,६१८.८८ | | ३,६९,२९,६१८.८८ | ३,६०,२९,०८८.८७ | | ३,६०,२९,०८८.८७ |